धर्मचक्षु

DHARMA CHAKSHU

(Buddhist Bi-Montghly

Pokhara, Nepal

वर्ष - ५ , अङ्क - २ , पूर्णाङ्क - १०   आषाढ - श्रावण, २०५८

प्रधान सम्पादक
र
प्रकाशक
भिक्षु श्रद्धानन्द
फोन :- २०५१७

सम्पादक/व्यवस्थापक
तिलकमान गुभाजू
फोन :- २०२४६

कार्यालय
धर्मशीला बुद्ध विहार
नदिपुर, पोखरा
फोन :- २०५१७

कम्प्यूटर सेटिङ्ग
मिन नारायण श्रेष्ठ

मुद्रण
अनन्त अफसेट प्रेस
महेन्द्रपुल, पोखरा
फोन :- २११६०

धर्म चक्षु

DHARMA CHAKSHU

(Buddhist Bi-Montghly
Pokhara, Nepal

July - August 2001

असार पुर्णिमा

वर्ष - ५ , अङ्क - २ , पूर्णाङ्क - १० आषाढ - श्रावण, २०५८

प्रथम धर्म देशना तथा बुद्ध वचन

द्वे मे भिक्ख वे अन्ता पब्बजितेन नसेवितब्बा, कतमे द्वे ? यो चायं कामेसु काम सुखल्लिकानु योगो यो चायं अन्त किलमथानुयोगो दुक्खो, अनरियो अनत्थ संहितो ।

__अर्थ:-__ भिक्षुहरु हो, दुई अति त्यागनु पर्छ, सेवन गर्नुहुँदैन । दुइवटा के के ? जुन काम सुखमा भुलेर विलासिता पूर्ण जीवनयापन गर्नु र शरीर बढाउन नभै नहुने आहारा ग्रहण नगरीकन शरीरलाई कष्ट दिनु यी दुइवटै हीन आर्य नभएको अहित हुने अति हुन् ।

तिण दोसानि खेतानिदोस दोसा अयं पजा ।
तस्माहि वीतरागेसु दिन्न होति महप्फलं ॥

__अर्थ :-__ खेतको दोष घाँस हो, मनुष्यको दोष राग हो, त्यसैले वितरागलाई दिएको दानको फल ठूलो हुन्छ ।

सम्पादकीय

धर्मचक्र प्रवर्तन दिवस

बौद्धहरुका लागि बुद्ध जयन्ती झै धर्मचक्र प्रवर्तन दिवसको पनि ठूलो महत्व छ। भगवान बुद्धले आफूले प्राप्त गर्नु भएको बोधिज्ञान आषाढ पूर्णिमाको दिनमा पञ्चवर्गीय भिक्षुहरुलाई देशना गर्नु भएको थियो। जसलाई धर्मचक्र प्रवर्तन दिवस भनेर भन्ने गरिएको छ।

आषाढ पूर्णिमाको दिनमा भगवान बुद्धसँग सम्वन्धित अन्य संयोगहरु पनि परेका छन्। बौद्ध इतिहास अनुसार सिद्धार्थ गौतमले जन्म, जरा व्याधि र मरणबाट मुक्त हुन आषाढ पूर्णिमाकै रात उहाँले संपूर्ण सु:ख सुविधा र राजदरवार समेत परित्याग गरेर महाभिनिस्क्रमण गर्नु भएको थियो। आषाढ पूर्णिमाको दिन उहाँले आफ्नो दिवंगत आमाको निर्वाण प्राप्तिका लागि प्रयास गर्नुभयो जसलाई बौद्धहरु **"यमक प्रतिहार्य"** भन्दछन्। यस्ता धेरै संयोगहरु परेकाले बौद्धहरुले धर्मचक्र प्रवर्तन दिवसलाई ठूलो महत्वको संझेर विभिन्न कार्यक्रमहरु राखेर मनाउने गर्दछन्।

पोखरामा यहाँका विभिन्न विहार, गोम्बाहरु, अर्थात् भनौ बौद्धहरुले आजभन्दा १७ वर्ष पहिले देखि पोखरा उपत्यका व्यापी बुद्ध पूजा गरेर मनाउने गर्दै आएका छन्। त्यस दिन विहान सवेर बौद्धहरु निश्चित ठाउँमा भेला भै, उपत्यकामा भएका सबै गुम्बा र बिहारहरुमा गएर बुद्धपूजा गर्ने र बजारमा ज्ञानमाला भजन गाएर परिक्रमा गर्ने गर्दछन्। यो पूजा प्रत्येक वर्ष गोम्बा र विहारहरुले पालै पालो आयोजना गर्ने गर्दछन्। यसले यहाँ बौद्धहरु बीच पारस्पारिक सद्भाव सौहार्दता र घनिष्टता बढाउनमा ठूलो सघाउ पुऱ्याएको छ। यस पटक बौद्ध अर्घौ सदनले यो १७ औं पोखरा उपत्यका व्यापी बुद्ध पूजाको आयोजना गर्दैछ। हामी यो पूजाको हार्दिक सफलताका लागि शुभकामना व्यक्त गर्दछौं। साथै यसै उपलक्ष्यमा हामी यो उपत्यका व्यापी बुद्ध पूजाका संस्थापिका धर्मशीला गुरुमाको स्मरण गर्दछौ र त्यस बेला उहाँको विचार र प्रयासमा साथ र सहयोग गर्ने जापनका भिक्षु मोरियाको सोनी लगायत यहाँका उपासक उपसिकाहरुप्रति कृतज्ञता ज्ञापन गर्दछौं, जसको विचार र प्रयासले गर्दा आज यो कार्यक्रम निरन्तर चलि रहेछ।

अन्तमा हामी धर्मचक्र प्रवर्तन दिवसको उपलक्ष्यमा सबैमा सुख, शान्ति र मैत्रीको कामना गर्दछौं र बुद्ध धर्मको प्रचार प्रसारमा सबैले होस्तेमा हैसे गरी सघाउ पुऱ्याउन आग्रह गर्दछौं।

– भवतु सब्ब मङ्गलम्।

बुद्धको अन्तिम वचन

➢ भिक्षु अश्वघोष

गौतम बुद्ध ८० वर्ष पुग्नु हुँदा कुशीनगरमा महापरिनिर्वाण हुनु भयो । उहाँले परिनिर्वाण (मृत्यु) हुनु भन्दा अगाडि भिक्षुहरु जम्मा गरी भन्नु भयो - "वयधम्मा संखारा अप्पमादेथ" अर्थात संसारका सबै संस्कार (चीज वस्तुहरु) नाशवान छन् अतः तिमीहरु अप्रमाद (होशियार, सतर्क र सजग) भईकन आफ्नो जीवनको लक्ष्य पूरा गर ।

अत्तदीपा विहरथ अत्तसरणा अनञ्जसरणा, धम्मदीपा धम्मासरणा अनञ्ञ सरणा अर्थात सबै भिक्षुहरु आफुलाई दीप बनाउनु, आफूलाई आफै भरोसा हो, अरुको शरण नजाउ । धर्मको भरोसा लिएर जीवन यापन गर ।

बुद्धको उपरोक्त अन्तिम वचन सबै वर्गलाई काम लाग्ने शिक्षा हो । सबैको आ-आफ्नो जीवन लक्ष्य हुन्छ । त्यो लक्ष्य पूरा गर्नको लागि सबै सजग, सचेत र होशियार हुनु आवश्यक छ । अल्सि नभई आफ्नो काममा निरन्तर लागिरहनु जरुरी छ । अहंकार, स्वार्थ र महत्वाकांक्षामा परेर मानिसहरु, भिक्षुहरु, प्रमादी, वेहोशी बन्न पुग्छन् । बेहोश हुनु भनेको स्मृतिहीन हुनु होइन ।

अप्रमाद र आफ्नो भरोसा आफै हो भन्ने कुरा बुझ्नको लागि बुद्धकालीन घटना प्रस्तुत गर्दछु ।

एक पटक भगवान बुद्धका प्रमुख शिष्यहरु मध्ये भिक्षु अनुरुद्ध, भिक्षु किम्बिल र भिक्षु नन्दिय स्थविर तीन जवान भिक्षुहरु नादिका नामगरेको गाउँ नजिक चूलगोसिङ्ग नामक जंगलमा जानुभयो । उनीहरु सबै त्यही कुटी वनाएर अलग अलग बस्न लागे ।

उनीहरु एक आपसमा यसरी सल्लाह गरे "हामी बुद्ध शिक्षा लिएर आध्यात्मिक उन्नतिको लागि र धर्म प्रचारको लक्ष्य लिएर यहाँ आएका हौं । त्यसैले अहिले हामीले गफ गरेर समय नफालौं । हामी मध्ये जो पहिले उठे पनि उठ्ने वित्तिकै कुचो लगाउने, पानी ल्याउने, आसन विच्छ्याउने आदि कार्य गरौं । हामीमा कार्य विभाजन नगरौं । प्रत्येक पाँच दिनमा हामीहरु एक ठाउँमा भेला भई हामीहरु मध्ये कसले कतिसम्म आध्यात्मिक उन्नति गऱ्यौं भन्ने विषयमा छलफल गरौं ।"

त्यस जंगलमा वन पाले एक जना रहेछ । ती तीन जना भिक्षुहरुको दिन चर्या र राम्रो चरित्र देखेर उ खूब प्रभावित भयो । किन भने अरु साधुमहात्माहरू आउने बेला वन पालेलाई नै सफा सुग्घर गर्ने कार्य समेत अऱ्हाउने गर्थे । तर यी तीन जना भिक्षुहरु त वन पालेलाई कुनै काम अऱ्हाउन न परै जावस् एक आपसमा तीन जवान साथीहरुमा पनि कार्य विभाजन नगरी जसले सक्यो उसले सबै काम आफ्नो कर्तव्य सम्झी सम्पन्न गर्ने बानी थियो उनीहरुको । उनीहरुको नौलो धार्मिक जीवन र धर्म प्रचारको राम्रो कार्यवाट प्रभावित वन पालेले ती भिक्षुहरुलाई वाहिरवाट आउने मानिसहरुले कुनै बाधा अडचन नपुऱ्याओस् भनी संरक्षण गर्न थाल्यो ।

एक दिन गौतम बुद्ध स्वयम् पनि भिक्षु अनुरुद्ध, भिक्षु किम्बिल र भिक्षु नन्दियको हाल खबर बुझ्न आउनु । जंगलमा पस्न लाग्नु भएको बेलामा त्यही वन पाले आई बुद्धलाई भित्र पस्नवाट रोक्दै भन्यो - "त्यहाँ जान हुन्न । त्यहाँ सारै सज्जन र ज्ञानी तीन जवान भिक्षुहरुले वास गर्नु भएको छ । उहाँहरुलाई

बाधा दिन हुन्न ।" बनपालेले बुद्धलाई रोकिराखेको भिक्षु अनुरुद्धले देख्नु भयो । देख्ने वित्तिकै उहाँले वन पालेलाई भन्नु भयो - "उहाँ हाम्रा गुरु भगवान् बुद्ध हुनुहुन्छ । उहालाई नरोक्नु ।"

वन पालेले आफ्नो गल्ति महशुस गरी बुद्ध समक्ष माफी मागे । गौतम बुद्धलाई आफ्नो स्थानमा लगेर तीनै जवानले आसन बिच्छ्याउने आदि सम्मान गरेर वन्दना गरी सुख दुःखका कुराहरु गरे ।

बुद्धले सोध्नु भयो - "अनुरुद्ध तिमीहरु मिलेर बसेका छौ ?"

अनुरुद्ध - "भन्ते ! हामी तीन जवानको शरीर अलग भए पनि मन चाहि एउटै भइ रहेको छ । त्यसैले हामी दूध र पानी जस्तै मिलेर बसेका छौं ।"

बुद्ध - " अनुरुद्ध धेरै राम्रो ! धेरै राम्रो ! तर तिमीहरु मिलेर बसेर मात्र पुग्दैन । अप्रमाद होशियार र सचेत भई अल्सी नबनी कन क्लेशलाई फाल्ने उत्साह गर्छौ कि गर्दैनौ ?"

अनुरुद्ध - " भन्ते ! उत्साह र प्रयत्न पनि गर्छौं, धेरै अप्रमादी भएका छौं । हामीले सधैं तपाइंको शिक्षा सम्झेका छौं ।

बुद्ध - "कसरी अप्रमादी भई उत्साह र प्रयत्न गरि रहेका छौ त ?"

अनुरुद्ध - "व्यक्तिगत रुपमा गर्नु पर्ने काम हामी तीन जना मध्ये जसले भए पनि गरि हाल्छौं । यो काम उसले गर्ला भनेर आशा गर्दैनौं । काम विभाजन नगरी जुन काम पनि दिलैदेखि आफ्नै काम सम्झी आ-आफ्नो कर्तव्य पालन गरेका छौं ।

गौतम बुद्ध - ठीक छ , अनुरुद्ध ! यी बाहेक अरु उत्तर आर्य धर्म र आध्यात्मिक उन्नतिको बोध गरेका छौ कि छैनौ ? र अरु माथिका ज्ञानहरु पनि हासिल गरेका छौ कि छैनौ ?

भिक्षु अनुरुद्ध - "हामीहरुले प्रत्येक पाँच पाँच दिनमा यहाँ आउनु भन्दा पहिले र अहिले के कति आध्यात्मिक उन्नति गर्न सक्यौं भनेर छलफल पनि गर्ने गरेका छौं । हाम्रो मनमा लुकिरहेका क्लेश कतिसम्म घटेर गए र कति बाँकि छन् भन्ने विषयमा पनि सतर्कता साथ अभ्यास गर्छौं ।"

गौतम बुद्ध - अरु पनि कुनै प्रयत्न गर्छौ कि ?

भिक्षु अनुरुद्ध - मनमा केही विकार आउनासाथ सचेत र जागृत रही त्यसलाई हटाउने प्रयत्न गर्छौं । तृष्णालाई निर्मल पारी निर्वाण अवबोध गर्न प्रयत्न गर्छौं ।

गौतम बुद्धले यति कुराकानी गरि सके पछि उहाँ फर्कनु भयो । अनि वन पालेले बुद्धसँग कुरा गर्दै सोध्यो - भो श्रमण गौतम ! तपाईले यी भिक्षुहरुलाई कसरी तालिम दिनु भएको ? तपाईको चेला भिक्षुहरु तीन जवानकै राम्रो व्यवहारले हाम्रो गाउँलाई नै ठूलो शिक्षा दिई लाभ भएको छ । आफ्नो काम आफै गर्ने भिक्षुहरुको शिक्षालाई गाउँलेहरुले अनुकरण गरेका छन् । यहि शिक्षा पाएर उनीहरुले आफ्नो गाउँ बनाए । सबैले आ-आफ्नो काम आफै गरेकाले आफ्नो गाउँको सुधार र उन्नति भैरहेछ ।

यस घटनाले स्पष्ट हुन्छ - धर्म प्रचारको तालिम प्राप्त भए चरित्र शुद्ध भएर अप्रमादी भए बहुजन हितायको लागि जीवन अग्रसर हुन सक्छ ।

भगवान् बुद्धका पदचिन्हहरु : के र कसरी पछ्याउने ?

➢ डा. सानु भाई डंगोल

अग्रणी व्यक्तित्व

कहिले काँही यस उराठलाग्दो धर्तीमा केही यस्ता महापुरुषहरु अवतरण हुन्छन् जसले आफ्ना पदचिन्हरु युग युगको लागि छोडेर गएका हुन्छन् । यस्ता महापुरुषहरुले छोडेर गएका पदचिन्हरु राम्ररी बुद्याएर पछ्याउन सकेमा दुःखले यताउति भौतारिरहेका मानवलाई आज पनि त्राण दिने काम गर्दछ भने उहाँहरुकै सानिध्यमा रही यस्ता पदचिन्हहरु पछ्याउने साधक वा उपासकहरुलाई झन त्राण नदिने कुरै भएन । यसैले यस्ता महापुरुषहरुका पदचिन्हरु पछ्याउन पाउँदा आजका सबैजसो चेतनशील प्राणीहरु, विशेष गरेर सचेत मानिसहरु, आफूलाई धन्य सम्झन्छन् र पदचिन्ह छोडेर जाने महापुरुषहरु प्रति नतमस्तक रहन्छन् । यसरी युग युगको लागि पदचिन्हहरु छोडेर जाने महापुरुषहरुमा अग्रणी हुनुहुन्छ भगवान बुद्ध । यो देश नेपाल यस्ता अग्रणी महापुरुषलाई आफ्नो बक्षस्थलमा जन्म दिन पाएकोमा गौरवान्वित छ र सदा गौर बान्वित रहने छ ।

भगवान् बुद्धका जन्म र कर्म थलोहरु

भगवान बुद्धले आज भन्दा २५४५ वर्ष अगाडि हाम्रो आफ्नै देश नेपाललाई जन्म थलोको रुपमा छान्नु भएको थियो भने छिमेकि देश भारतलाई कर्मथलोको रुपमा । भगवान बुद्धले नेपाल र भारतलाई क्रमशः जन्म र कर्म थलोहरुको रुपमा छान्नु भएको कारण यी देशका असंख्य मानिसहरुले त्यसवेला उहाँकै सानिध्यमा रहन पाए, अनि उहाँका पद्चिन्हहरु पछ्याई निर्वाणरुपी अमृतपद पनि लाभ गर्न पाए । यस प्रकार भगवान बुद्धकै सानिध्यमा रही उहाँका पदचिन्हहरु पछ्याई निर्वाणरुपी अमृदपद लाभ गर्ने मानिसहरु केवल दुइ वा चार जना होइनन्, हजारौं हजार थिए । इतिहासको कालखण्डलाई चियाएर हेर्ने हो भने यस धर्तीका मानवहरुका लागि यस्तो स्वर्ण अवसर न पहिले प्राप्त हुन सक्यो न पछि प्राप्त हुने सम्भावना नै छ ।

आज भगवान बुद्ध हामीहरु सामु हुनु हुन्न । यसैले हामी उहांको सानिध्यमा रही उहांका पदचिन्हहरुलाई पछ्याउन सक्ने स्थितिमा छैनौं । तर पनि उहांले छोडेर जानु भएका पदचिन्हहरुका नाममा आज हाम्रा सामु धेरै परम्पराहरु अझ जीवितै छन् । यसैले आज हामीहरुको पहिलो कर्तव्य हुन आउँदछ, यी मध्ये कुन पद्चिन्हहरु सक्कली हुन् भनी खुट्याउने, अनि सक्कली पद्चिन्हहरुलाई पछ्याएर अघि बढ्ने । यसरी सक्कली पदचिन्हहरुलाई खुट्याएर पछ्याउन सकेमा आज पनि हामी भगवान बुद्धका पालाका श्रावकहरुले जस्तै निर्वाणरुपी अमृतपद लाभ गर्न सक्दछौं, यसमा कुनै शंका मान्नु पर्ने देखिदैन ।

विभिन्न बौद्ध परम्पराहरु

आज हाम्रो सामु भगवान् बुद्धले छोडेर गएका पदचिन्हहरुको नाममा अनेक प्रकारका परम्पराहरु प्रचलनमा रहेका पाइन्छन् । यसरी प्रचलनमा रहेका परम्पराहरु मध्ये बढी प्रचलनमा रहेका परम्पराहरु थेरवाद, महायान र बज्रयान हुन् भने कम प्रचलनमा रहेका परम्पराहरु मन्त्रयान, तन्त्रयान, सहजयान,

कालचक्रयान आदि हुन् । यी परम्पराहरु मध्ये थेरवाद भगवान बुद्धद्वारा प्रतिपादित मूल परम्परा हो भने
अरु परम्पराहरु पछि गएर थेरवादलाई आफू मात्र निर्वाणलामी भई दुःखबाट मुक्त हुन खोज्ने हीन परम्पराका
याने हीनयानी भनी होच्याउने गरेका छन् भने आफू भने अरुलाई पनि निर्वाणलामी बनाई दुःखबाट मुक्ति
दिलाउने महायानी, वज्रयानी आदि परम्पराका भनी उच्चताभास देखाउने गरेका छन् । आफूलाई यस
प्रकार उच्चताभास देखाउने गरे तापनि यी परम्पराहरु आफ्नो उद्देश्य पूरा गर्नमा सफल भएका देखिदैनन्।
यसको मूल कारण हो, यी परम्पराहरुले आफूले दावी गरे जस्तै शाक्यमुनि भगवान् बुद्ध जस्ता अर्को
सम्यक सम्बुद्धलाई हाल सम्म जन्माउन नसक्नु। यसैले त यिनीहरु ऐतिह्यसिक सम्यक सम्बुद्ध शाक्यमुनिलाई
छोडेर पौराणिक सम्यक सम्बुद्ध (वैरोचन, अमिताभ आदि) हरुलाई आफ्ना परम्परा र ग्रन्थहरुको आधार
स्तम्भ बनाउन बाध्य भएका छन् । साथै यी परम्पराहरुले भगवान शाक्यमुनि बुद्धलाई भन्दा वज्रसत्व,
वज्रधर, अवलोकितवर आदिलाई बढता महत्व दिने गरेको कारण केही विद्वानहरुले यीनलाई शाक्यमुनि बुद्धबाट
प्रतिपादित परम्परा हो भन्ने कुरामा पनि शंका उठाउने गरेका छन् । यी परम्पराहरुलाई भगवान् बुद्धद्वारा
प्रतिपादित परम्पराहरु हो भनी मान्यता दिने हो भने तापनि यी सर्वसाधारण जनताको लागि दिइएका पर
म्परा भने कदापि होइनन् । यसो हुनुको कारण यी परम्पराहरुको मूल लक्ष्य नै श्रावक वा प्रत्येक बोधीलाई
छोडेर सम्यक सम्बोधी लाभ गर्नु रहेको छ। बुद्ध धर्मका अनुसार यस प्रकार सम्यक सम्बोधी लाभ गर्ने
महापुरुषहरु अरुले देखाएको मार्गमा होइन बरु आफैले पत्ता लगाएको मार्ग हिड्दछन् र अरुलाई पनि यस
तर्फ लाग्न अभिप्रेरित गर्दछन् ।

श्रमण परम्परा

भगवान् बुद्धले हामी जस्ता सर्वसाधरण जनताको लागि छोडेर जानु भएका पदचिन्हहरु मूलतः थेरवाद हो । यो परम्परा कुनै अदृष्य परमात्मा, शक्ति वा देवतामा भन्दा आफ्नै श्रम, सीप र संकल्पमा भरपरी माथि उठ्ने परमपरा भएकोले यसलाई श्रमण परम्परा पनि भनिन्छ। भगवान बुद्धका अनुसार यदि हामीले आफूलाई आफ्नै श्रम, सीप र संकल्पद्वारा उठाउन सकेनौं भने जतिसुकै ठूलो परमात्माले साथ दिए तापनि हामीहरुको राम्रो उद्धार हुन सक्तैन। श्रमण परम्परा बारे भगवान बुद्धका उद्‌गारहरु यस प्रकार छन्:

"अत्ता हि अत्तनो नाथो - को हि नाथो परो सिया ?
अत्तनो व सुदन्तेन - नाथ लभति दुल्लभं ॥" १ अर्थात्

आफू नै आफ्नो मालिक हो, आफ्नो मालिक अरु को हुन सक्ला र ?
आफूलाई राम्रो दमन गर्न सकियो भने दुर्लभ स्वामित्व प्राप्त हुन्छ ।

"अत्तनो व कतं पापं - अत्तना सकिलिस्सति ।
अत्तना अकतं पापं - अत्तना व विसुज्झति ।
सुद्धी असुद्धी पच्चतं - नोञ्ञो अञ्ञं विसोधये ॥" २ अर्थात

आफ्नो पापले आफैलाई अपवित्र पार्दछ, आफ्नो पुण्यले आफैलाई शुद्ध पार्दछ ।
शुद्ध र अशुद्ध आफ्नै कारणबाट होइन्छ, कसैले पनि अरुलाई शुद्ध पार्न सक्तैन ॥

"तुम्हेहि किच्च आतप्पं - अक्खातारो तथागता ।
पटिपन्ना पमोक्खन्ति - झायिनो मारबन्धना ।" ३ अर्थात

सदन धार्मिक संस्था भएकोले धार्मिक कार्यक्रमहरु सञ्चालन भईरहेको कुराको जानकारी माथि नै स्पष्ट पारिसकेको छ। यहाँको गोम्बामा प्रत्येक औंसी र पूर्णिमा तिथिमा सिण्डु व्रत बस्ने भक्तजनहरुको उपस्थिति उल्लेख्य भएकोले सो व्रत व्यवस्थित गर्न सिण्डु व्रत आमा समुह पनि यस सदन भित्र सकृय छ। त्यसरी नै वर्षमा एक पल्ट अनिवार्य रुपमा न्यूनी व्रत कार्यक्रमको आयोजना गर्न एक छुट्टै न्यूनी व्रत आमा समुह पनि यस सदनमा सकृय छ। त्यसरी नै दमाङ, ध्यूंपति, जस्ता पुस्तकहरुको पाठ पनि सदन भित्र समय-समयमा भई नै रहेको छ। पोखरा उप-महानगरपालिका नयाँबजार निवासी सदनका मानार्थ आजीवन सदस्य सु.धनलाल घले ज्यूले सदनलाई प्रदान गर्नु भएको बौद्ध धर्मको महान ग्रन्थ कंग्यूर (त्रिपिटक) को नियमित पाठ गराउन दाता सु.धनलाल घलेज्यू र वहांको परिवारको सकृयतामा समस्य भक्तजनहरुको सहयोगबाट एक कंग्यूर कोष खडा गरिएको छ। यसै कोषबाट प्रत्येक वर्ष सदनमा कंग्यूर पाठ गरिने व्यवस्था मिलाइएको छ।

बौद्ध अर्घौ सदनको बारेमा कलम चलाउन पाउनु नै भाग्य सम्झने यो पंक्तिकार जो जसको परिश्रम र मेहनतबाट यो सदन वर्तमान अवस्थासम्म आउन सफल भएको छ वहाँहरुको नाम लिन पाउनु लाई पनि गौरव महसुस गर्दछ। सदनलाई संस्थागत रुपमा ल्याउन आफ्नै संयोजकत्वमा विभिन्न कार्यक्रम सञ्चालन गरी यसको जन्म दिनु भई पछि विभिन्न पदमा रही सेवारत ना.सु. बिलबहादुर गुरुङ, संस्थापक अध्यक्ष कप. बुद्धिबल गुरुङ र मेजर पूर्ण बहादुर गुरुङको पाको अनुभवको नेतृत्व यस सदनले पाईसकेको छ। त्यसरी नै समाज सेवामा समर्पित सि.आइ.प्रेमबहादुर गुरुङ जस्ता सशक्त समाज सेवीहरुको नेतृत्व यस सदनले पाइसकेको छ। माथि उल्लेखित महानुभावहरुको नेतृतवमा पोखरा क्षेत्र भित्र रहेका विभिन्न क्षेत्रीय तमु समाजहरु, त मु धिं कास्की, यहाँ स्थित सरकारी कार्यालयहरु, अधिराज्यका विभिन्न भागमा रहनु भएका बौद्धिक समाज र उपासक उपासिकाहरुको अपार मायाँ र सद्भावका साथै सहयोगलाई सदनले उच्च मूल्याङ्कनका साथ हेरिरहेको छ र हेरिरहने छ।

अन्तमा सबैको आस्थाको केन्द्र बन्न सफल यस सदनको उन्नति र प्रगतिको लागि सबैले सहयोग गर्नु आवश्यक छ। समाजिक सेवामा समर्पित र धार्मिक भावनाले अभिप्रेरित यस सदनलाई एउटा उदाहरणीय धार्मिक स्थलको रुपमा विकास गर्दै बौद्ध अर्घौ सदनको मात्र नभै पोखरा तथा समग्र रुपमा नेपालकै गौरवलाई उचो पार्ने कार्यमा सबै लाग्नु पर्ने आवश्यकता तडकारो देखिन्छ।

भवतु सर्वमङ्गलम्!

"सप्रि ल्होछार - २०५७"

धर्मचक्र प्रवर्तन दिवस तथा आषाढ पूर्णिमाको सुखद उपलक्ष्यमा मंगलमय कामना गर्दछौं।

श्रृंखला आभूषण - विन्ध्यवासिनी

फोन नं. २३६४८ दोकान, २२६४६ निवास

धर्मचक्र प्रवर्तन दिवस तथा आषाढ पूर्णिमाको पूनित उपलक्ष्यमा सारा मानवमा मैत्री, करुणा आदि सद्भाव जागृत भईरहोस् भन्ने मंगलमय कामना गर्दछु ।

एलिगेन्स ट्रेड सेन्टर / फोर नाईन ज्वेलरीज्

चिप्लेढुङ्गा, पोखरा
फोन नं. २०७३७

मोहरीया टोल
फोन नं. २२३४२, २३१०१

धर्म चक्र प्रवर्तन दिवस तथा आषाढ पूर्णिमाको सुखद उपलक्ष्यमा सारा प्राणीहरुमा मैत्री करुणा मुदीता तथा सदभाव जागि रहोस र सुखी शान्ति होउन भन्ने मंगल कामना गर्दछु।

बुद्धाचार्य गहना गृह (सुन, चाँदि दुकान)

संगम चोक मोहरिया टोल पोखरा कास्की
फोन नं. ०६१-२०७३१, २३९२१ मोबाइल - ९८६०२०१३१

धर्म चक्र दिवस तथा आषाढ पूर्णिमाको सुखद उपलक्ष्यमा सारा प्राणीमा मैत्री करुणा मुदीता उपूक्षद भाव आदि चतुर ब्रह्म विहार गुण बृद्धि गर्ने चेतना जागोस भन्ने मंगल कामना गर्दछु ।

प्रो. विकल मान बुद्धाचार्य

नवरत्न ज्वेलर्स (सुनचाँदी दुकान)
मोहरीया टोल, पोखरा फोन नं. २०४८८, ३१७८६

विपश्यना अर्थात् सत्यलाई यथार्थवादी रुपले हेर्ने तरिका । विपश्यनाको अभ्यास शरीर, वेदना, चित्त र धर्म (चेत्तसिक वस्तुहरु) गरी चार कुरामा यथाभूत तरिकाले हेरेर गरिन्छ । यो भावना वा ध्यानको अभ्यासले मानवमा यथार्थरुपमा सत्यको दर्शन भई प्रज्ञा (ज्ञान) खुल्दछ । यही प्रज्ञा निर्वाणरुपी अमृतपद प्राप्तीको मुख्य आधार हो । यसैले भगवान् बुद्ध यसलाई निर्वाण प्राप्तीको एक मात्र मार्ग हो भन्ने कुरा संकेत गर्दै आज्ञा हुन्छ -

"This is the sole way for the purification of beings, for the overcoming of sorrow and lamentation, for the destroying of pain and grief, for reaching the right path, for the realization of ***Nibbana****, namely the four foundations of Mindfulness."* 7 अर्थात्

सत्वहरुको विशुद्धिको लागि, शोक र परिवेदलाई पार गर्नको लागि, दुःख दौर्मनस्य नाश गर्नको लागि, सम्यक मार्ग प्राप्त गर्नको लागि, निर्वाण साक्षात्कारको लागि यही एउटा मात्र मार्ग छ र त्यो हो चार स्मृति प्रस्थान ।

उपसंहार

भगवान् बुद्धले विभिन्न प्रकारका उपासकहरुको लागि उपासकहरुको स्तरसँग मिल्ने गरी विभिन्न प्रकारका पद्चिन्हहरु छोडेर जानु भएको छ । यसैले माथि उल्लेख गरिएका पद्चिन्हहरु उच्च स्तरका उपासकहरुले पछ्याउने पदचिन्हहरुसँग मेल नखान पनि सक्दछ । केही गरी पद्चिन्हहरु मेल नखाने गरी फरक पर्न गएको कारण अरुलाई दुःख पुग्न गएमा लेखकको तर्फबाट क्षमा याचना ।

आषाढ पूर्णिमाको शुभउपलक्ष्यमा समस्त नेपालीहरुमा सुख समृद्धी सु-स्वास्थ्य शान्तिको कामना गर्दछौं ।

प्रो. इच्छामान बुद्धाचार्य

इच्छाशक्ति अटोमोबाइल परिवार

पोखरा सब डिलरः कावासाकी बजाज शो-रुम

नयाँ बजार फोन नं - २२३१५

धर्मचक्र प्रवर्तन दिवस अर्थात् धर्मरुपी चक्र घुमाइएको पर्व

➢ भिक्षु कोण्डव्य, वुद्ध विहार

आज भन्दा २६२५ वर्ष अगाडी नेपाल राष्ट्रको लुम्विनी शालोद्यानमा एकजना सुपुत्रको जन्म भयो, जस्लाई भविष्यमा सर्व अर्थ सिद्ध गर्ने अर्थमा सर्वार्थ सिद्ध वा सिद्धार्थ भनी न्वारान गरियो। दरवारिया सुख-सयलपूर्ण वातावरणमा हुर्केको राजकुमारमा सानैदेखि असाधारण स्वभाव देखापऱ्यो । राजाको उत्तराधिकारी राजकुमारलाई एक सम्पन्न र शक्तिशाली राजा वनाउने अनेकौं प्रयासहरु भए । जस अनुसार दरवारिया सुखमा भुलाउन तन्नेरी हुँदै आएको अवस्थामा सवै भन्दा सुन्दरी यशोधरासँग विवाह गरी दियो । सम्भवत: उनीहरुको दाम्पत्य जीवन त्यति रमाइलो भएन होला कि ! ? किनकी राजकुमारको मन भौतिक र सांसारिक सुख सयलमा झुकाव नभएर आध्यात्मिक सुख शान्तिको मार्गतिर अग्रसर हुँदै गयो र जीवन के हो ? वास्तविक सुख शान्तिको मूल गन्तव्य के हो ? जीवनको मूल गन्तव्य के हो ? के -कसरी त्यसलाई आत्मसात गर्ने ? जीवन मरणको चक्रलाई कसरी टुक्र्याउने ? यसरी जीवन र जगतको विषयलाई लिएर राजकुमारको हृदयमा चिन्तन भई नै रह्यो । अन्तमा दरवारको सुख सयलपूर्ण वातावरणलाई तिलाञ्जली दिने निर्णय गरी आषाढ पूर्णिमाको दिन राजकुमार सिद्धार्थले राजपाठ, सुखेश्वर्य सारा वैभवलाई त्यागेर दु:ख र दु:खबाट मुक्त शान्तिगामी मार्ग खोज्न वहुजन हिताय वहुजन सुखायको लक्ष्य बोकेर जगतोद्धारको निम्ति २९ वर्षको भद्र यौवनमा महाभिनिक्रमण गरे । सिद्धार्थले फरक-फरक धर्म सम्प्रदायका धर्मगुरुहरुसँग सत्संग गर्दै शास्त्र सम्मत ध्यान भावना सिके तापनि सिद्धार्थलाई सन्तोष भएन । पछि आफैले उरुवेल वनमा गएर ज्ञान प्राप्तिको नाममा ६ वर्ष सम्म कष्ट एवं पीडादायक घोर तपस्या गरे । कट्टरवादी भएर खानेकुरा समेत त्याग गरे तापनि ज्ञान लाभ भएन । सत्य प्राप्तिको बाटो पाउन नसके पछि खाना खान थाले । आध्यात्मिकता प्राप्तिका लागि भौतिक वस्तु पूर्ण रुपले छोडेर सम्भव नहुने तर भौतिक वस्तु प्राप्तिको लागि आध्यात्मिक विषय गौण हुन सक्ने कुराको विस्तारै थाहा पाउँदै आएदेखि कट्टरवाद, कष्टवाद एवं पीडादायक मार्ग त्यागेर मध्यम मार्ग अपनाएर स्वयं आफ्नै शरीरमा भएको क्रिया-प्रतिक्रियालाई गहिरिएर हेर्न आनापाना विपश्यना, विदर्शना आदि भावना गर्दै अनुलोम - प्रतिलोम प्रकृयालाई नटुटाइकन निरन्तर रुपमा बढाउँदै लगे । त्यसमा निरन्तरता भाव वृद्धि भएर, राजकुमारले विस्तारै आफ्नो हृदयलाई वाँध्न सके, चित्तको भाव एकचित्त र एकाग्र भएर समाधिस्त अवस्थामा वलियो हुँदै गयो । तब उनलाई उत्पत्ति भई विनाश भएर जाने, परिवर्तन भएर जाने स्वभाव अर्थात् च्यूति उत्पत्ति ज्ञान प्राप्त भयो । जीवन मरणको चक्र राम्ररी वुझिदै आयो । संसारको यथार्थ तत्वलाई अववोध गरी लिने क्षमता विकास भयो । पछि चार आर्य सत्यलाई यथार्थ रुपले वुझी, जानी लिए । प्रतीत्य समुत्पाद दर्शन आत्मसात भयो । परिणामस्वरुप चक्षु प्राप्त गरे, ज्ञान पाऐ, प्रज्ञा पाऐ, विदा पाऐ, आलोक पाऐ, तव सारा आश्रवक्षय भएर कलुषित भावको लेस शून्य हुँदै गयो, हृदय सफा सुन्दर भएर शान्ति प्रीतिरुपी फूल फुल्न थाल्यो । यस वेला नै राजकुमारलाई सम्यक सम्वोधि ज्ञान, वोधित्व वा वुद्धत्व ज्ञान लाभ भयो ।

बुद्धत्व ज्ञान लाभ गरी सक्दा तीन महिना सम्म बुद्धको जीवन चरित्र प्रचार प्रसारतर्फ अग्रसर हुन सकेन। गुप्तवास र प्राप्त गम्भीराति गम्भीर धर्मलाई धर्मामृत पान गर्दै नै दिन बित्दै गयो। तब लोक सेवा खोज्नेहरु, दुःखमा डुबेर सुख खोज्न गाह्रो मान्ने प्रवृत्ति भएकाहरु, भौतिक वस्तुमा मात्र लालायित हुने स्वभाव भएकाहरु, जुनसुकैमा पनि तत्काल जवान वा परिणाम खोज्ने लोक जनको बीचमा आदर्शपूर्ण नैतिकताको उपदेशात्मक धर्म-व्याख्यान गर्दै जानुका परिणाम सकारात्मक देखिइदै जाने पो हो कि ! ? भन्ने भ्रै निराशावादी प्रवृत्तिले हावी हुन नपाउँदै असंख्य मानिसहरुका बीचमा एक-दुईजना मात्र भएपनि धर्म व्याख्यान गर्दा जीवन सुधार र सार्थक गर्नेहरु पनि कसो नहोलान् यति ठूलो धर्तीमा ? भन्ने भ्रै आशावादी भाव पनि हृदयमा टुसाउन थाल्यो।

तव सारनाथमा बसिरहेका पञ्च भद्र वर्गीयहरु क्रमैले कोण्डञ्ञ, वप्प, भद्दिय, महानाय र अस्सजिहरुका बीचमा बुद्धले आफूले प्राप्त गरेको धर्म-दर्शनलाई लोकमा धर्मरुपी चक्र (चक्का) घुमाउने कार्य, धर्मलाई चारैतिर फैलाउन, जनमानसमा बुलन्द पार्न पहिलो पल्ट उद्घोषको शुभारम्भ गर्नु भयो। यसैलाई 'धर्मचक्र प्रवर्तन सूत्र' भनिने गरिन्छ। यो सूत्र आषाढ पूर्णिमाको दिनमा नै देशना गर्नु भएको हो। अब यस सूत्रका बारेमा चर्चा गर्नु प्रासंगिक हुनेछ।

"धर्मचक्र प्रवर्तन सूत्र"

द्वे मे भिक्खवे अन्ता न सेवितब्बा, कतमे द्वे ? (१) काम सुखल्लिकानुयोगे, (२) अत्तकिलमथनुयोगो। यस सूत्रमा बुद्धले दुई अन्तको सेवन गर्न नहुने र त्याज्य भनी नियम बनाउनु भएको छ। काम सुखलिकानुयोगो अर्थात् काम-विषय वा अति मोजमस्ती गर्ने, स्वच्छन्दवादी (यौनिक कार्य) भएर काममा पतित् भएमा वर्तमान समयमा सुखद जस्तै लागे तापनि भविष्यमा दुःखद् परिस्थिति आउने हुन्छ। नाँगा बस्नु, मुत्ताचार हुनु, धर्मको नाममा धर्म प्राप्तार्थ शरीरलाई दुःख कष्ट दिएर साधना गर्नु, अति नै गर्मी भएको बेला अग्नि देवता सम्झेर चारैतिर आगो बालेर आगो ताप्नु, जाडोले थर थर कामेतापनि पाप पखालेर लान्छ भनी पानीमा डुबेर स्नान गर्दै हिंडेमा वर्तमान अवस्था दुःखद हुन्छ भने भविष्य पनि दुःखद नै हुने गर्दछ।

अनित्य, दुःख, अनात्म (जस्लाई त्रिलक्षण पनि भन्दछ) लाई बौद्ध दर्शनको रुपमा अंगिकार गरिन्छ। अनित्य, दुःख र अनात्मवाद भित्र मानिसले चार आर्यसत्य, क्षणिकवाद, प्रतीत्यसमुत्पाद, अभौतिकवाद, अनिश्वरवाद, निर्वाण आदि विषयलाई बोधगरी लान सक्दछ। पहिलो धर्मरुपी चक्र घुमाउने धर्मोपदेश अति नै महत्वपूर्ण छ। यस सूत्रभित्र हामीले बौद्ध दर्शनलाई बुझ्न सक्दछौं। यस सूत्रको देशना पछि पाँचदिन पश्चात बुद्धद्वारा जुन अनत्त लक्खण (अनात्म लक्षण) सूत्र देशना भएको हो, त्यस्मा अनात्मवादलाई स्पष्ट गरी दिइएको छ।

लोकमा कुनै पनि वस्तु यस्तो छैन जुन स्थीर भई बस्छ, जस्को स्वभाव एउटै रुपमा भइरहन्छ, जस्लाई नित्य, ध्रुव, शाश्वत र अविपरिणाम धर्म भन्न सकियोस्। बुद्ध-दर्शन अनुसार सब्बं अनिच्चं अर्थात् जीवन-जगत साथै यससँग सम्बन्धित जुनसुकै वस्तु, अवस्था आदि यावत सांसारिक भौतिक सुख भनेको क्षणिक र गौण सुख मात्र हो। त्यसैले सुख पाउँछ भन्दा भन्दै दुःखको भुमरीमा अल्झिने हुन्छ भने हरेक वस्तु

अनित्यताले प्रभावित भएको हुन्छ । उत्पत्ति हुन्छ, विनाश हुन्छ, देखापर्छ, टाढिएर जान्छ, राम्रो भनी सम्झिएको नराम्रो भएर जान्छ भने नराम्रो भनी सम्झिएको र छि छि दुर दुर गरेको राम्रो भएर सुन्दर लोभलाग्दो, बोकेरै हिंडु हिंडु जस्तो आशक्ति बृद्धि हुन्छ, मिलन हुनजान्छ भने यसैमा विछोड पनि गराउँदछ, राम्रो जीवन यापन गर्दा गर्दै विचलन पनि आउन सक्दछ । खराब व्यक्तिको हृदय परिवर्तन भएर एक महान व्यक्ति सम्म पनि हुन सक्दछ । वास्तवमा जीवन आरोह-अवरोध, ओरालो-उकालो, सुख दुःख, रात- दिन, जाडो-गर्मी, विकास-विनाश, धर्म-अधर्म, हुने-नहुने भन्ने एउटै भई राख्दैन । स्वभावतः चक्र (चक्का) अनुसार अनित्य भनिएको हो ।

जन्म (जाति), बुढावस्था (जीर्ण), व्याधि, मृत्यु, शोक, सन्ताप र विलाप हुनु, शारीरिक दौष मानसिक पीडाले चित्तमा अशान्ति हुनु, मन नपर्नेसँग सहवास गर्नु, मनपरेकोबाट विछोडिएर बस्नु, इच्छा भए अनुसार पुरा नहुनु जस्ता अवस्थाहरु हुन्छन् । यसैलाई वास्तवमा दुःख आर्यसत्य भनिन्छ भने यस्लाई संक्षेपमा पञ्चउपादान स्कन्ध अर्थात् रुप, वेदना, संज्ञा, संस्कार र विज्ञान भनिन्छ । जुन रागयुक्त तृष्णाले फेरी नयाँ जन्मलाई बनाउँछ, जस्मा आनन्द मानेर टाँसिने स्वभाव हुन्छ, देखेपिच्छै वस्तुहरुमा आत्म भाव बढाएर, त्यसैको आरम्मणमा आनन्द र रमाइलो मानेर बस्ने तीन तृष्णाहरु, जस्तै (१) काम, (२) भव र (३) विभव हुन् । यसैलाई नै दुःख समुदाय अर्यसत्य भनिन्छ । तृष्णालाई एकरति पनि नाराखेर त्याग, निरोध र नाश गर्नु, त्यसबाट मुक्त भएर अनाशक्त हुने अवस्था पनि छ, जस्लाई दुःख निरोध अर्यसत्य भनिन्छ। दुःखको यथार्थतालाई स्वीकार गर्दै त्यस्को कार्य कारणलाई जानेर जुन निरोधतिर बढ्दै जानुपर्ने हो, त्यस मार्गलाइं मध्यम मार्ग भनिन्छ ।

यसैलाई मज्झिमपटिपदा वा आर्य अष्टांगिक मार्ग पनि भनिन्छ । दुःख के हो, तृष्णाको अन्त्य गर्नाले दुःख नाश हुन्छ, कुशल र अकुशल चिन्ने र त्यसको कारण बुझ्नु अर्थात् ठीक समझदारी-सम्यक् दृष्टि हो । नैष्कम्य, अव्यापाद, अविहिंसालाई दृढतापूर्वक पालन गर्नु अर्थात जीवन सार्थक हुने गन्तव्यतिर पुग्ने संकल्पलाई संयुक्त संकल्प भनिन्छ। मुखलाई संयम गरेर, अपराधिक कर्मबाट टाढिएर, सत्यवादी भएर अप्रिय र कटु वाक्य नबोली नरम, आनन्दित हुने वचन बोल्नु सम्यकवचन हो । जीवन हिंसा, चोरी, व्यभिचार आदि नराम्रा कुकर्म देखि टाढिएर, निस्वार्थी भएर परार्थी हुने काम सम्यक कर्मान्त हो । शोषण दमन भ्रष्टाचार, अत्याचार र अन्याय गरी जीविकोपार्जन नगर्ने, शस्त्र, मंस-दिबु, प्राणी र मानिस (देहव्यापार, दाशप्रथा) को व्यापार नगर्नु सम्यक आजीविका हो । अनैतिक काम देखि टाढिएर मानसिक र चेतसिक नियन्त्रण गरी आत्मनियन्त्रण अभिवृद्धि गर्ने तिर अग्रसर हुने सम्यक व्यायाम हो । जीवनमा भइरहने जीवन प्रवाहलाई र कुशल अकुशल प्रति सजग भएर निरन्तर होस राख्नु, जसबाट शुभ संस्कारको सञ्चय हुन्छ, यसलाई सम्यक स्मृति भनिन्छ । भावनामय विषयमा आनन्दित भएर चित्त एकाग्र गर्ने खुबि विकास गर्ने, जसबाट जीवन के हो भन्ने कुरा विस्तारै बुझे.र आउने छ, विस्तारै चित्त एउटै आलिमवनमा समग्र भइं बस्छ, त्यसपछि दुर्गुण कलुपित भाव दबेर अलग भएर प्रीति सुखानुभूति प्राप्त हुन्छ, त्यस अवस्थालाई नै सम्यक समाधि भनिन्छ ।

उपरोक्त भावलाई हेरेर हामीले चार आर्यसत्य वा दुःख दर्शन सम्बन्धि कुराहरु बुझ्न सक्दछौं । पहिले सुन्न नपाईएका यी धर्महरुमा आँखा प्राप्त भयो, ज्ञान पाइयो, प्रज्ञा पाइयो, विद्या पाइयो, आलोक पाइयो, भनी धर्मचक्र सूत्रमा बुद्धले दिनु भएको छ । त्यसरी नै अर्को उद्‌गार गर्नुभएको छ - 'जबसम्म मैले

यी चार आर्यसत्यको यथार्थ विशुद्ध ज्ञान देखिन तब सम्म मैले यसरी दावी गरिन । अनुत्तर सम्यक सम्बोधिलाई मैले बोध गरी लिए। जब मैले बोधगरे, तयसवेला मात्र मैले दावी गरे, मैले ज्ञानले देखे, मेरो मुक्ति अचल छ। यो अन्तिम जन्म हो । अब फेरि आवागमन (पूनर्जन्म) हुनै छैन ।

धर्मचक्र सूत्र अनित्य दु:ख सम्बन्धको मात्र होइन अनात्मवाद बारेको पनि त्या महत्वपूर्ण उपदेश हो। अनित्य दु:ख र अनात्ममा पनि अनात्म भनेको सबै भन्दा बुझ्न गाह्रो विषय भएको छ। अनित्य र दु:खलाई आत्मसात गर्न सजिलो हुन सक्छ सायद अनित्यताको यथार्थतालाई स्वीकार गरी दु:खलाई अपनाउनु पनि सजिलो हुन सक्छ तर अनात्मभाव वृद्धि गर्न धेरै धेरै नै गाह्रो हुन्छ। अनित्य र दु:खलाई मात्र बुझेर अनात्मभाव हटाउन नसके सम्म भिक्षु वा त्यागी नै भएता पनि यो अवस्थामा हिडि रहनेहरुलाई नदी तर्न नसकेर नदी किनार दौडिरहेका सम्म भन्न सकिन्छ। मझिम निकायमा सब्बासव सुत्त (क/२) मा बुद्धले यसरी भन्नु भएको छ - 'आत्मवाद दृष्टिगत, दृष्टि गहन जंगल, दृष्टिको काँढा, दृष्टि जाल हो। यस्तो जालमा परेका अज्ञानी नै जन्म जरा, भरा, शोक विलाप, दु:ख दौर्मनश्य तथा हैरानीबाट मुक्त हुन सक्दैन, दु:ख पिर देखि मुक्त हुँदैन ।

धर्मचक्र सूत्रमा दुई अतिवादलाई छोडेर मध्यम मार्गिय हुनु पर्नेमा जोड दिनु देशना गर्नु भाएर बुद्धले मध्यममार्गको आध्यात्मिक दर्शनभूमिका रुपमा पञ्च भद्र वर्गीयहरुको समक्ष अनात्म लक्षण सूत्र देशना गर्नु भएको हो। यसमा 'रुप अनात्म हो। यदि यो रुप आत्मा (आफूले भने जस्तो) भएको भए यो रुपमा रोगादि भय, मन नपर्ने पीडा नहुनु पर्ने हो। यो रुप यस्तो होस् भनेता पनि आफूले भने जस्तो नहुने, यो रुप यस्तो नहोस् भन्दा आफूले नभने जस्तो भएर आउने हुनाले यो अनात्य हो। वेदनामा रोगादि नहोस् भन्दा भएर आउने, संज्ञामा निरोगी आदि होस् भन्दा नहुने, संस्कार यसरी होस् भन्दा त्यसरी नहुने वा विज्ञान यसरी होस् भन्दा भने अनुसार नभएर विपरीत तरिकाले हुने हुनाले यी सबै अनात्म हुन् भनी उपदेश आज्ञा गर्नु भएको छ।'

रुप, वेदना आदि पञ्चस्कन्ध नित्य होइन, सारा अनित्य हुन्। अस्थिर हुन्, नित्य र ध्रुब होइनन्। संसारका सारा वस्तु नै संयोजित मात्र हुन्। त्यसैले सबै प्रतिपल, प्रतिक्षण नै प्रवाहमय हुँदै जान्छ, जुन गतिशील पनि हुन्। त्यसपछि यी क्षण प्रतिक्षण बदलिदै परिवर्तनशील स्वभावमा डुबेर रहने गर्दछन्। धर्मसंस्कार आदि सारा का सारा नै हेतुद्वारा परिचालित भएर विकास हुँदै जाने हुनाले हेतु प्रत्यय (कार्यकारण) विना यहाँ त्यस्ता केही पनि छैन, त्यस्ता कोही पनि छैन । जुन अनित्य हो, दु:ख र परिवर्तनशील हो, ती सबै दु:खदायक छ। त्यसैले 'यो मेरो हो' , 'यो म हुँ', 'यो मेरो आत्मा हो' भनेर भन्नु भ्रम हो। रुप, वेदना, संज्ञा, संस्कार र वेदना सारा अनित्यले प्रभावित हुने हुनाले यी सबै दु:ख कारक हुन्, जुन सबै अनात्म हुन्। वास्तवमा म, मेरो भनेको आत्मभाव एउटा व्यवहारिक अनुसार भनिएको मात्र हो। जस्तै कि यौटा गाडीमा यस्को पार्टपूर्जा एक एक गरी छुट्याएर राखेमा गाडी भन्ने नाम अस्तित्व (आत्मभाव) लोप भएर फरक फरक पार्टपूर्जाको फरक फरक नाम लिने गरिन्छ ।

बुद्धले त्यसैले यस प्रकार आज्ञा गर्नुभएको देखिन्छ - 'पहिलेको, पछिको वा अहिलेको होस्, आफूमा भएको भित्रको वा बाहिरको, ठूलो वा सानो, अहितकारी वा हितकारी, टाढाको वा नजिकको जस्तो सुकै होस्, रुप, वेदना, संज्ञा, संस्कार र विज्ञान मेरो होइन, म होइन र मेरो आत्मा होइन भन्ने यथार्थ प्रकारले सम्यक प्रज्ञाले हेर्नु पर्दछ ।

"मैत्रीभावना - २"

लेखक : भिक्षु विवेकानन्द
अनुवादक : भिक्षु संघ रक्षित

भावना गर्ने योगावचरले प्रथमतः अनैतिक अकुशल कर्म, दुश्शील स्वभाव आदिलाई त्यागेर शील सदाचारद्वारा चित्तलाई सुसंयमित बनाई जङ्गलमा गएर अथवा वृक्षको मुनि बसेर अथवा एकान्त स्थानमा रहेर पलेटी कसी शरीरलाई सीधा राखी बस्नु पर्छ। यदि भोजन (खाना) पश्चात् भए भोजनद्वारा हुन सक्ने आलस्यता निर्मूल हेतु क्षणभर विश्राम गर्नुपर्छ। तत्पश्चात्, माथि उल्लेख भए झैं एकान्तपूर्ण स्थानमा बसेर द्वेषको अवगुण तथा मैत्रीद्वारा हुने सद्गुण सुखशान्तिको प्रतिवेक्षण गरी मैत्री भावनाको आरम्भ गर्नुपर्छ।

कहिल्यै भावना नगरेकाहरुले मैत्रीभावना गर्दा निम्न चार प्रकारका व्यक्तिहरु प्रति मैत्रीभावना गर्नु हुँदैन :

(१) अप्रिय व्यक्ति

(२) अतिप्रिय व्यक्ति

(३) मध्यस्थ व्यक्ति (प्रेम पनि नभएको, वैर पनि नभएको)

फेरि शुरु शुरुमा मैत्रीभावना गर्नेहरुले असमान लिङ्ग अर्थात् पुरुषले महिलाप्रति र महिलाले पुरुषप्रति मैत्री भावना गर्नुहुँदैन। यस्तै नै, मृतकहरुप्रति मैत्री भावना राख्नु हुँदैन किनकि अप्रिय व्यक्तिहरुलाई मित्रतामा परिणत गर्न सजिलो छैन। उनीहरुलाई मित्रता अथवा प्रेमभावमा ल्याउन खोज्दा-खोज्दै नसकेर मन दिक्क भई भावनामा नै चित्र बितृष्णा भएर जानसक्छ।

अत्यन्त प्रेम भएकाहरुलाई मधयस्थमा ल्याउन पनि सजिलो छैन। अति नै प्रेम भएकाहरुलाई दुःख भएमा आफूलाई पनि दुःख हुन्छ। उनीहरुको दुःखद अश्रुधारा सँगसँगै आफूद्वारा पनि अश्रुधारा प्रवाहित हुनपुग्छ। फेरि मधयस्थहरुलाई पनि प्रिय सम्बन्धमा गामिन गाह्रो हुन्छ। तब वैरी जनहरुको त कुरै छैन। वैरीलाई त त्यस्का कुराहरुको यादमात्र आए पनि क्रोध आउन थालिहाल्छ।

असमान लिङ्गीप्रति मैत्रीभावना गर्नाले राग उतपन्न हुन्छ। कुनै एक अमात्यपुत्रले कुलुपक स्थविर कहाँ गएर सोधेछ - "भन्ते ! मैत्रीभावना गर्दा शुरुमा कसप्रति गर्ने ?"

"उपाकस ! प्रिय व्यक्तिप्रति।" स्थविरले भन्नुभयो। तत्पश्चात् उसले विचार गऱ्यो - मलाई यहाँ प्रिय त आफ्नै स्त्री लाग्छ। अब म तिनीप्रति नै मैत्रीभावना शुरु गर्छु।" उसले आफ्नी श्रीमतीप्रति मैत्रीभावना शुरु गर्न थाल्यो, परन्तु उसको चित्तमा मैत्रीनभई राग उत्पन्न भयो। अनि त उ भित्तामा टाँसिन पो पुग्यो।

यस कुरालाई बुझाउन सानो एउटा घटना उल्लेख गर्दछु। एकदिन एक उपासकले आफ्नी स्त्रीप्रति मैत्री राख्छु भन्दै शील अधिष्ठान गरी एकान्त कोठामा प्रवेश गरी ढाका बन्द गरेर मैत्रीभावना शुरु गऱ्यो। मैत्रीभावना गर्दा गर्दै चित्तमा राग उत्पन्न भएर रागद्वारा अन्धा भयो। तत्पश्चात् उसले स्त्री बसेको ठाउँमा जानलाई ढोकाको खोजीमा लागेछ, किन्तु उसले ढाका भेट्टाउन सकेन। ढोका पत्तालगाउन नसकी उसले भित्तानै फोडेर भित्र जाने प्रयत्न गऱ्यो। तसर्थ विपरीत लिङ्गीप्रति मैत्रीभावना गर्नुहुँदैन।

मृतकको निम्ति मैत्रीभावना गर्नाले पनि अर्पण र उपचार (ध्यान) केही पनि हुन सक्तैन। एक पटक कुनै एक नवयुवक भिक्षुले आफ्नो आचार्य प्रति मैत्रीभावना गर्न शुभारम्भ गऱ्यो, परन्तु उनले मैत्रीलाई कुशल बनाउन सकेनन्। अनि उसले एक महास्थविर कहाँ पुगेर सोधेछ - "भन्ते ! मेरो मैत्रीभावना अभ्यन्य भयो। यसको कारण के होला ?

"आवुसो ! निमित्त अनुसन्धान गर।" स्थविरको उक्त वचनले निमित्त पत्तालगाउँदा आफ्नो आचार्य मरिसकेको बोध गऱ्यो। तब, उसले अन्य जनप्रति मैत्रीभावना गरेर समापत्ति प्राप्त गर्न सफल भयो। तसर्थ, मृत्यु भइसकेकाहरुप्रति मैत्रीभावना गर्नु निष्फल हो। यसानुरुप व्यक्तिदोष ज्ञान गरी पहिले आफैमा मैत्रीभावना गर्नुपर्छ।

चार प्रकारका मैत्रीभावना

अहं अवेरा होमि, अव्यापज्जा होमि।
अनिघा होमि सुखी, अत्तानं परिहरामि॥

अर्थः- म वैरभावरहित बनूँ। म ईर्ष्याविहीन बनूँ। म उपद्रवरहित बनूँ। म आफूलाई प्राप्त सुखसम्पत्ति नासेर नजाने बनूँ। यसरी बारम्बार भावना गरिरहनु पर्छ।

सब्बे सत्ता दुक्ख मोचन्तु

- सबै सत्वहरुको दुःख अन्त होस् भनेर कामना गर्नु करुणा भावना हो।

सब्बे सत्ता यथा लद्धं समपत्ति तो माविगच्छन्तु

- सम्पूर्ण सत्वप्राणीहरुको सत्कर्मद्वारा लाभ भएको धनसम्पत्ति नाश भएर नजाओस् भन्ने कामना मुदिताभावना हो।

सब्बे सत्ता कम्मसक्का

- सबै प्राणीहरुको कर्म नै आफै हो भन्नु उपेक्षाभावना हो।

प्रथमतः आफूलाई मैत्रीभावना गर्नु नै आफूलाई साक्षिरुपमा राख्नु हो। आफूलाई जसरी सुख शान्तिको आकांक्षा हुन्छ त्यसरी नै सम्पूर्ण सत्वप्राणीहरु पनि सुख शान्ति चाहन्छन् भन्ने बोध गर्नलाई नै हो।

विभङ्गगाथानुसार मैत्रीभावना गर्ने हो भने जसरी कुनै एक व्यक्तिलाई देखेर हर्ष उतपन्न हुन्छ त्यसरी नै सम्पूर्ण सत्वहरुप्रति मैत्री चित्त प्रवाहित गरी विहार गर्ने हुन्छ।

प्रतिसम्भिदानुसारबाट भए पाँचप्रकारले मैत्रीभावना गरिने हुन्छ।

सब्बे सत्ता अवेरा अव्यापज्झा अनिघा सुखी अत्तान परिहरन्तु सब्बे पाण ..... भूता ..... सब्बे पुग्गला ...... सब्बे अत्तभाव परियापन्न अवेरा अब्यापज्झा अनीघा सुखी अत्तानं परिहरन्तु ति।

अर्थः- सबै सत्वहरु वैरीरहित, व्यापादरहित, उपद्रवरहित भएर सुखपूर्वक परिहरण गर्न सक्ने होउन्। सम्पूर्ण प्राणी, सबै भूत, सबै व्यक्ति सबै आत्मभाव (शरीरधारणाका) गरिरहने सत्वहरु वैरीरहिन, व्यापादरहित, उपद्रवरहित भई सुखपूर्वक आफूलाई परिहरण गर्नसक्ने होस्।

सुखीनो वा खेमिनो होन्तु ।
सब्बे सत्ता भवन्तु सुखीतत्ता ॥

अर्थः- सम्पूर्ण सत्वप्राणीहरु सुखी होउन्, उनीहरुको कल्याण होस्, उनीहरु भयरहित होउन् ।

यसरी भन्दा पर जनप्रति मैत्रीभावना गरेको हुन्छ । आफू मात्र सुखी हुन पाउँ भनी सयवर्षसम्म चिच्याइरहेपनि अर्पणा हुन सक्तैन किन्तु आफुलाई साक्षिस्वरुपमा प्रस्तुत गरी अरुप्रति मैत्रीभावना गऱ्यो भने तुरुन्तै अर्पणा प्राप्त हुनसक्छ ।

सब्बदिसा अनुपरिगम्मचेतसा ।
नेवज्झा पियतरमत्तानु क्वचि ॥
एवंपियो पुथु अतपरेसं ।
तस्मा नहिंसे परमत कामो ॥

अर्थः- जुन दिशामा हेर्दा पनि आफूभन्दा प्रेमको बस्तु अरु कोही वा कुनै हुँदैन । तसर्थ सम्पूर्ण सत्वहरुलाई आफ्नो स्वार्थसिद्धका निम्ति कसैले कसैलाई पनि हिंसा वा दुःख कष्ट नदिनू ।

आफू साक्षिरुपमा बस्नुपर्ने भएकोले पहिला आफैप्रति मैत्रीभावना गर्नुपर्छ । तत्पश्चात् क्रमशः परिवर्तन हुँदै कुनै गुरु, आचार्य, उपाध्याय वा कुनै आदर सम्मान योग्य व्यक्ति प्रति मैत्रीभावना गर्ने हुनुपर्दछ ।

उहाँ हाम्रो आचार्य हुन् । उहाँ सदैव प्रयत्नशील भइरहुन् । उहाँ जुनसुकै प्रकारले पनि आनन्दले विहार गर्ने होउन् । उहाँको शारीरिक स्वास्थ्य पनि ठीक-ठाक भइरहोस् । उहाँ सदा नै सुखी भई बसून् साथै उहाँ जुन कुरामा पनि सन्तोषी होउन् । एवं प्रकारले मैत्रीभावना गर्दै जाने हो भने अवश्य पनि साधकलाई अर्पण ध्यान प्राप्त हुन्छ ।

अब यहाँबाट अगाडि जाने हो भने प्रेमी व्यक्तिप्रति पनि होइन घृणित व्यक्तिप्रति पनि होइन मध्यस्थ व्यक्तिहरु प्रति मैत्रीभावना प्रारम्भ गर्नुपर्छ । मध्यस्थपश्चात् वैरी व्यक्तिप्रति मैत्रीभावना गर्नुपर्छ । त्यो वैरी व्यक्ति सुखी होस्, निरोगी होस् इत्यादि । मैत्री भावना गर्ने व्यक्तिले आफ्नो चित्तलाई जसरी पनि कोमल गर्नेतिर उन्मुख हुनुपर्छ । महापुरुषहरुले वैरी र दुश्मन बनाउनेतिर चित्त नलागाई सहनशीलतातिर चित्त राख्न प्रयत्न गरिरहनु पर्छ ।

क्षमाशील सहनशीलताको कथा

एकदिनको कुरा हो । पूर्ण नामक भिक्षु भगवान् बुद्ध विराजमान रहेको स्थानमा पुगेर आफू सुनपरान्तमा वर्षवास बस्न जानको निम्ति निवेदन गऱ्यो ।

भगवान्ले भन्नुभयो - "पूर्ण ! त्यहाँका मान्छेहरु अति नै नराम्रा छन् । उनीहरुले तिमीहरुलाई अपवचनले गाली गऱ्यो भने तब तिमी के गर्छौ ?"

"पूर्ण ! "भन्ते ! भगवान ! मलाई सुनापरान्तवासीहरुले गाली गऱ्यो भने म यसरी विचार गर्नेछु कि ती सुनापरान्तका मान्छेहरु अति राम्रा नै छन् किनकि तिनीहरुले मलाई हातले त काट्न आएका छैनन् ।"

"पूर्ण ! उनीहरुले तिमीलाई हातैले काट्न आए भने तिमी के विचार गर्छौ ?"

"भन्ते ! भगवान् ! त्यसावस्थामा म विचार गर्नेछु कि उनीहरुले मलाई लट्ठीले त कुट्न आएका छैनन् ।"

"पूर्ण ! यदि तिमीलाई लट्ठीले नै काट्न आए तिमी के सोच्छौ ?"

"भन्ते ! भगवान् ! उनीहरुले मलाई शस्त्रले त प्रहार गर्न आएका छैनन् भन्ने विचार गर्नेछु ।"

"पूर्ण ! यदि तिमीलाई उनीहरुले शस्त्र प्रहार गरेर प्राण नै हरण गर्न आए भने विचार गर्छौ ।"

"भन्ते ! भगवान् ! त्यसबेला म विचार गर्नेछु कि भगवान बुद्धका कतिका श्रावक संघहरु छन् जो आफ्नो जीवन देखी घृणित भई जीवित भइरहनमा पनि वितृष्णा भएर शस्त्र हारकहरु खोज्दै हिंडछन् परन्तु आज मलाई कहीं पनि खोज्नै नपर्ने गरी उक्त शस्त्रहारकहरु सामुन्ने आउँदै छ भन्ने विचार गर्नेछु ।"

भगवान्ले "साधु ! साधु ! पूर्ण ! तिमीले राम्रो कुशल विचार नै राख्यौ ।" भन्दै प्रशंसा गर्नुभयो । यसानुरुप जसरी पनि गुणमात्र दृष्टिगत गरी क्षमाधर्म आफूमा विद्यमान गराउनु नै महापुरुषहरुको पहिचान हो । महापुरुषहरुले आफूलाई अनर्थ गर्न आउनेहरुप्रति पनि मैत्रीभावना गरिनै रहन्छन् ।

जो अन्याय अत्याचार गर्न आउने हो, त्यसप्रति पनि द्वेषचित्त नभएमा उसप्रति मैत्री मध्यस्थ हुन्छ । अनि उसले वैरीप्रति मैत्रीभावना गरिराख्नु आवश्यकता हुँदैन । कारण उसको निम्ति शत्रु भन्ने नै छैन किन्तु जससँग वैरीभाव भइ नै राख्छ, उसले मध्यस्थपश्चात् वैरी व्यक्तिप्रति मैत्री भावना गर्नमा निरन्तरता दिइनै रहनुपर्छ । वैरीहरुको स्मरणमात्र भएपनि वैरीद्वारा भइराखेको अन्याय अकर्तव्य आदि अवगुण सबै सम्झेर क्रोधको प्रस्फुटन भइ नै रहन सक्छ । त्यतिमात्र होइन, उनीहरुलाई दुःख-कष्ट दिएर पतन गरिदिने कुभावना पनि मनमा उत्पन्न भइरहनेछ । यस्ता-यस्ता अकुशल चेतनाले पनि स्वयंलाई दुःख दिइरहने तथ्य ज्ञात गरी, प्रथमतः आफूले मैत्री गरिराखेका मित्रहरुको गुणनुस्मरण गरेर चित्तलाई शान्त पारिकन वैरीप्रति मैत्रीभावना गर्न जानुपर्छ । यसानुरुप पनि आफ्नो चित्तमा वैरभाव परिशान्त भएर नगए यहाँ यस प्रकारका उपदेशहरु स्मरण गरौ :

ककचुपम ओवाद आदिनं अनुसरतो ।
पटिघस्स पघनाय घटितब्बं पुनप्पुन ॥

ककचुपमं :- करौतीको उपमा दिएर बताउनु भएको उपदेशलाई अनुस्मरण गरी ।

प्रतिघ :- प्रतिहिंसाको भाव नाश गरी बारंबार प्रयत्न गर्ने ।

मैत्रीभावना गर्ने श्रद्धालुजनले आफूले आफैलाई उपदेश दिनुपर्छ - "हे ! क्रोधी मनुष्य ! तिमीले बुद्धको उपदेश-आज्ञालाई राम्ररी याद गरेर मनमा राख । यदि दुईतिर धार भएको करौतीलाई समाएर कुनै पनि चोर, डाँका वा बदमासहरु आएर तिम्रो अंग-प्रत्यंग छिन्न भिन्न हुनेगरी काट्न आएतापनि तिमी उसप्रति किञ्चित् द्वेष नगर । जसले द्वेष गर्नतिर लाग्छ, त्यो मेरो अनुशासनमा बसेको हुनेछैन ।"

तस्से व तेन पापियो, यो कुद्धं पटिकुज्झति ।
कुद्धं अप्पति कुज्जझन्तो, सङ्गाम जेति दुज्जयं ॥

"जसले क्रोधीहरुप्रति आफूले पनि क्रोध गरिराख्छ, उसले आफैलाई हानी गरिराखेको हुन्छ । क्रोधीको निम्ति अक्रोधी भई बस्नु नै जितेर जित्न कठिन महायुद्ध-महासंग्राम जितेको हुन्छ ।"

उभिन्न मत्थ चरिति, अत्तनो च परस्स च ।
परं संकुपितं ञत्वा, यो सतो उपसम्मति ॥

"अरु रिसायो भन्ने जानेर जो स्मृतिवान् व्यक्तिले सहन गरी क्रोधित हुँदैन, उसले आफूलाई र पराईलाई पनि हित एवं उपकार गरेको हुनेछ ।"

जीवनप्रति घृणित भई आत्महत्या गर्न बुद्धले विनयद्वारा निषेध गर्नुभएको छ ।

धर्म चक्र प्रवर्तन दिवसको उपलक्ष्यमा सारा प्राणीहरु सुखी, शान्ति, कल्याण होउन भन्ने मंगल कामना ।

हामीकहाँ मोटर सामानहरु KINETIC INDIA बाट उत्पादित मोटरसाइकल गण्डकी अञ्चलको एकमात्र अधिकृत विक्रेता

प्रो. किशनमान बुद्धाचार्य

एशियन अटोमोवाइल परिवार, नयाँबजार प्रहरीबीट पछाडि, पोखरा

फोन नं. ०६१-२२९०५

E-mail - kishanasian @hotmail.com

धर्मचक्र प्रवर्तन दिवसको अवसरमा समस्त मानव मात्रमा मैत्री एवं करुणा भाव जागृत होस्, मंगल कामना गर्दछौं ।

"*शुद्ध सुनका आकर्षक गहना - हाम्रो विशेषता*"

कञ्चन आभूषण परिवार

मोहरिया टोल, फोन नं. २१५४९, २२४२९

नमो बुद्धाय

बुद्धवाणी गुन्जिरहोस् !

➢ सान्त रत्न साक्य

सारङ्गीको सङ्गीतमा
सितारको झङ्कारमा
गीटारको तरङ्गमा
बुद्धवाणी गुन्जिरहोस् !

हिमालको चुचुरोमा
तराइको मैदानमा
मेची काली संगममा
*धम्मवाणी फैलिरहोस् !

नेपालीको घर आँगनमा
पहाड पर्वतको कन्दरामा
गाउँ बस्ती मन्दिरमा
संघवाणी धन्किरहोस् !

रारा दहको मोहकतामा
फेवातालको सलबलाइमा
फोक्सुन्दाको उँचाइमा !
*आर्य सत्य ज्ञान फैलिरहोस् !

युवाहरूको मस्तिष्कमा
वयस्कहरुको चिन्तनमा
बृद्धाहरुको आशिषमा
धम्मज्ञान समाइरहोस् !

बुद्धधम्मको समतामा
परिवर्तनको चाहनामा
बौद्ध-बौद्धको एकतामा
मानव ध्यानले बल दिइरहोस् !

सुहृदयी सरल हुन्छ

➢ भिक्षु सुशील

यता केही दिनदेखि मन अशान्त छ। थाहा छैन, किन यस्तो अनुभव भैरहेको हो। तर यो सत्य नै हो कि मन अशान्त छ। धैरै प्रयत्न गरें। किन, आखिर किन बेचैन महसूस भैरहेको छ? कतै म मेरो वर्तमान जीवन प्रति अचेतन रुपमा असन्तुष्ट भएकोले प्रतिक्रिया स्वरुप यस्तो अनुभव गरिहेको त होइन? विभिन्न कोणबाट आफैलाई बुझ्न आफ्नो दैनिकी सम्बन्धमा सोचें - विश्लेषण गरें। तर कतैबाट पनि निष्कर्षमा पुग्न सघाउने खालको सहयोग पाइएन। मनमा एक प्रकारको बैचैन, कुनै एक स्थानमा धैर्यको साथ बस्ने क्षमता हराउँदैं गैरहेको महसूस हुँदैछ। मानिस कत्तिको विवश रहेछ। आफ्नै मनको सम्वन्धमा सोहि जानकारी पाउन समेत असमर्थ रहेछ। यस्तो परिस्थितिमा पोखराको तिलकमान गुभाजूले 'धर्म चक्षु' का लागि एउटा लेखको माग तेर्स्याउँदा यान्त्रिक रुपमा सकारे। केही दिनपछि दिने आश्वासन पनि दिए। तर लेख्ने विषयको भण्डार माझ आफुहुदा हुदै पनि कुनै एउटा विषय मा केन्द्रित भएर कलम चलाउन जाँगरै भएन। अथवा भनौ सिलसिलेवार मिलाएर आफुले भन्न खोजेको विषयलाई व्यवस्थित पार्नै सकिएन। यस्तै अवस्थामा केही दिन बितिदै गए। आफुले दिएको वाचाले चस्स चस्स घोच्दा संकल्प गरी कलम उठाउछु र दुइ चार हरफ लेख्छु। दुइ-चार हरफ पछि कलमलाई अगाडि बढाउन नसकिएको महसूस गर्दछु। यस्तो अन्तर्द्वन्दको सामना गर्दा-गर्दै मैले आफ्नो कमजोरीको बिन्दु पहिल्याउन पुगेछु। त्यसलाई म अझ व्यापकतामा बिस्तार गरी मानवीय कमजोरी समेत भन्न इच्छुक छु। सोहि विषयलाई माध्यम बनाएर चलाइएको कलमले आखिरमा म आफ्नो वाचा पुरा गर्न सफल हुन पुगें। यसकै फलस्वरुप यो लेखको जन्म हुन गएको हो।

आदिम कालदेखि सभ्यताको वर्तमान कालसम्म पनि "शान्ति र युद्ध" कै प्रशंग उठ्ने गर्दछ। मानव चरित्रसँग अभिन्न रुपमा सम्बन्धित रहँदै आएको यसले सदैव मानिसलाई आकर्षित तुल्याइ नै रहेको छ। सामुहिकताको भावनाले जति सभ्यताको विकासमा योगदान पुऱ्याएको छ, युद्ध र शान्तिको चेतनाले पनि मानव मस्तिष्कलाई प्रभावित तुल्याई नै रहेका छन्। युद्धोन्मुख चरित्र मानवीय कमजोरी रहँदै आएका छन् भने शान्तिको चाहना सुरक्षा र मानवीय भावना विकासका लागि अपरिहार्य आवश्यकता हो। यी दुईका बीच असन्तुलनको अवस्थाले सिर्जित बातावरणमा हुने विध्वंसले मानिसलाई दिने शिक्षा हो - अरुलाई नियन्त्रणमा राख्ने चेतनालाई उर्लिन निदिई संयमित तुल्याऊ। तर यस तर्फ मानिसको चेतनाले कमै मात्र सोच्ने गरेको देखिन्छ। यसैले युद्धोन्मुख चरित्र मानवीय कमजोरी रहँदै आएको छ।

समाज भित्र मात्र होइन, न त विश्व परिस्थितिमा मात्रै पनि, व्यक्ति-व्यक्तिको चेतनामा नरामोसंग टाँसिएर रहेको आधिपत्यको आकांक्षाले व्यक्ति-समाज-राष्ट्र र विश्वलाई आक्रान्त तुल्याई रहेको छ। यसबाट मुक्तिका लागि गरिने प्रयासमा छद्म आचरणले तेर्स्याउने तगारो हटाउन आफ्नै हृदय भित्र चल्मलाई रहेको अस्थिरतालाई बुझ्न मानिस कतिको उत्सुक छ? बहिर्मुखी स्वभावको अधिनमा रहेको चेतना अन्तर केन्द्रित अवस्था बुझ्न कतिको योग्य हुन्छ? यस्ता समस्याहरु मानिससँग सम्बन्धित रहेका हुन् र मानिस नै एक मात्र यस्तो प्राणि हो जसले ध्वंश मात्र गर्न जानेको छैन सृष्टिको बिगुल फुक्न पनि

योग्य छ। सृष्टि र विनाशको चक्रलाई बुझ्ने क्षमता सहितको चेतना लरखराउने गर्दैन न त बाङ्गो बाटो हिंड्न नै रुचाउने छ। जति पनि युगपुरुषहरु यस धरामा आविर्भाव ती सबैको जीवन पद्धतिमा देखिएको साम्यताले दिइरहेको सन्देश "सुहृदयी व्यक्ति सरल हुन्छ" नै हो। तर विद्यमान हाम्रो समाज, विश्व र यसलाई हाकिरहेका दिमागहरुले सरल बाटो त्यागेर बाङ्गो बाटो समात्न पुग्दा आधुनिक युगमा आदीम कालीन चरित्र दोहोरिने गर्दछ।

हो, यस्तै स्वभावका विरुद्ध समय समयमा मानिसको चेतनाले विरोध गर्ने गर्दछ। सामुहिक रुपमा गरिने विरोधले निश्चित आकार लिएर ठोस उद्देश्यका लागि सक्रियता देखाउदा कहिलेकाहि सफलता पनि पाएको छ। तर इतिहासले दिइरहेको सन्देशले भने अर्कै शिक्षा पनि दिएको पाइन्छ। एक पक्षको विरुद्ध उठेको चेतना सामाजिक शक्तिको रुपमा स्थापित हुन पुग्दा प्रारम्भमा गरिएका वाचाहरुलाई चटक्क बिर्सेर आफुलाई अघिल्लो ठाउँमा अघिल्लै चरित्रमा पुनरावृत्ति गरेको पनि देखा पर्दछ। तब फेरी इतिहास दोहोरिन्छ र शान्तिका प्रयासहरु तुहिएर वातावरण गन्धमय हुन पुग्दछ। यसरी नै मानव सभ्यता क्रमिक रुपमा अघि बढी रहेका छन्। यस्तो घटना क्रम रुप मात्र परिवर्तन भएर दोहोरिइरहेका छन्। तब प्रश्न उत्पन्न हुन्छ के मानिसले कहिल्यै बस्तविक रुपमा शान्तिमय वातावरणमा बाँच्न पाउँदैन ?

निसन्देह यो प्रश्न केही व्यक्तिका लागि अनुपयुक्त हुन सक्दछ तर बहुसंख्यक व्यक्तिका लागि आफ्नै प्रश्न हुनेछ। को चाहँदैन शान्ति ? प्रत्येकको चाहना भएतापनि शान्तिपूर्वक बाँच्न यहाँ छेकबारको रुपमा किन विभिन्न बन्धनहरु उपस्थित भैरहेका ? आखिरमा सबैको चाहना एउटै हुँदा हुँदै पनि शान्तिको वातावरण बनाउन किन असफल भैरहेको ? यस्तो परिस्थितिमा अलिकति आफ्नै अन्तर्मनमा नियालेर हेर्ने हो भने वास्तविकता पहिल्याउन गाह्रो हुने छैन।

कुनै कालखण्डमा भगवान् बुद्धले अभिमानको अन्धकारमा गुम्फित जीवन बिताइरहेकाहरुलाई 'आफ्नो चेतनाको दीप प्रज्वलन गरेर प्रथमतः आफैलाई अन्धकारबाट मुक्त गैर' भन्नुभएको थियो। आजको वर्तमान परिस्थितिमा पनि, सामुहिकताको उच्च आवाज घन्किएको अवस्थामा पनि व्यक्तिको चेतनालाई अन्धकारले धपक्कै ढाकिदिएको पाइन्छ। पद वा प्रतिस्ठाले होस् अथवा अभिमान र अहंभावले नै किन नहोस् नराम्रोसँग ढाकिदिएको पाइन्छ। यस्तो वेला सरल आचरण बाङ्गिन गै लुप्त हुन्छ। सरल बाटो कठिन भएतापनि उद्देश्यतर्फ नै लक्षित हुन्छ। बाङ्गो बाटोमा बटारिन पुग्दा केही समयको स्तुति गानले कर्णप्रिय ध्वनिमा रमाउन दिए तापनि उद्देश्यबाट क्षणक्षण टाढिँदै गैरहेकोहुन्छ। प्रियको चाहनाले मानिसहरु सर लताबाट बिमुख भएर अन्तिम घडिमा पछुतो गर्दछ। तब समय बितिसकेको हुन्छ। यस्तो अवस्थाबाट वचावटका लागि उपयुक्त कार्य सरल जीवन मात्र हो। अन्य हुन सक्दैन। तर सरल जीवन बिताउन कथाहरु कथ्ये जस्तो सजिलो हुदैन। सामाजिक वातावरण र अन्य परिस्थितिले मानिसलाई बाङ्गो हुन घच्घच्याइ रहेका हुन्छन्।

भगवान् बुद्धले बाङ्गो र बिलाशमय जीवन बिताइरहेका तीस जना राजकुमारहरुलाई त्यस समय प्रश्न गर्नु भएको थियो "किं सेट्ठो राजकुमारो ! पस्सतं अत्तं वा इत्थिं ?" भनेर। उहाँले सोध्नु भएको यति मात्र हो - राजकुमारहरु ! तिमीहरुका लागि कुन उचित कर्म हुन्छ आफैले पहिल्याउन सक्नु पर्दछ अथवा तिमीहरुले खोजीरहेका स्त्रीलाई भेट्टाउनु ?

तथागत बुद्ध महापरिनिर्वाण हुनु भएको आज पच्चीस शय पैंतालिस वर्ष भैसकेको छ। उहाँले

त्यसबेला आफ्नो वेहोशीको कारण भाडामा त्याइएको नगरवधुले गहनाहरु लिएर भाग्दा खोजी हिँड्ने तीस जना राजकुमारहरुलाई लक्षित गरि भनिएको सो वाक्यले आज पनि प्रश्न गरि नै रहेको छ। समय बलदिसकेको छ, पात्र बदलि सकेको छ तर सारमा मानव चरित्र बदलिएको छैन। हिजोका मानिसहरु पनि भौतिक विलाशको पछि लागेर आफुलाई छकाइरहेका थिए। आजका मानिसको चरित्र पनि त्यस्तै छ। समय र पात्रको मात्र अदला-बदलि भएको छ। चरित्र त्यस्तै नै छ। रुप मात्रको परिवर्तनले सारलाई प्रभावित पार्न नसकिरहेको हो। हिजो विलाशका लागि भौतिक सामग्री सीमित थिए आज त्यसमा वृद्धि भैसकेको छ। इच्छा त्यही हो जुन ती तीस जना राजकुमारहरुले गरेका थिए। आज पनि भौतिक विलाशको पछि बहुलाएर भौतिरिरहेकाहरु विवेक गुमाइ रहेका छन्।

फरक, कति मात्र हो भने हिजो केही यस्ता मानिसहरु थिए जो आफ्नो बाङ्गोपनालाई देखाई दिंदा पछि झस्केर एक क्षण सोच-विचार गरी आफूलाई बदल्ने गर्दथे। आज नित्य प्रार्थनामा आफ्नो कमजोरी हटाउने प्रण निर्धक्क साथ दोहोऱ्याएर पनि व्यवहारमा रत्ति पनि आफुलाई परिवर्तन गर्न अनिच्छुक बहुसंख्याक छन् र यसैले हरेक कुरालाई बंग्याउने कलामा धुर्तताले स्थान ओगटिरहेको छ।

म सोच्ने गर्दछु। मैले पढेका घटनाहरु जुन स्वाभाविक रुपमै घटेका थिए। ती घटनाहरु हुँदाको समयमा के मैले जस्तै तिनीहरुले पनि बेचैन महसूस गरेका थिएनन्? हिजोका ती पात्रहरुले परिवर्तनको घडी नजिक पुग्दा आज म जसरी छटपटाइरहेको छु, त्यस्तै तिनीहरुले पनि छटपटाहट अनुभव गरेका थिए होलान्? म अनुमान गर्छु, मनको स्वभाव एकै समानको हुन्छ। सबैले मनको अधिनमा परेर नै बाङ्गो-बाटो रोज्ने हो र मनको निग्रह गर्ने क्षमताले सरलता तर्फ डोऱ्याउने हो।

अहिले म यस घडी केही हलुङ्गो महसूस गर्दैछु। म ती सारा विवेकशील महानुभावहरुलाई यस घडी संझदैछु। धन्य हुन् ती महानुभावहरु जसले अनर्थलाई बुझ्नसके। धन्य हुन् ती महापुरुषहरु जो आफु भित्रको युद्धमा विजयी भएर शान्तिको आराध्यक बन्न सफल भए। र ती सारा ज्ञानहरु जसले तम आच्छादित चेतनालाई एक निमेट मै जित्न सघाइ दिए। म अहिले निर्धक्कपूर्वक यो भन्न सकिरहेको छु - हृदय सबैको हुन्छ तर सुहृदयीहरु सरल हुन्छन्। अस्तु।

धर्मचक्र प्रवर्तन दिवस तथा आषाढ पूर्णिमाको प्राणी मैत्री करुणा तथा सद्भाव जागृत भइरहोस र सुख शान्ति मंगल तथा कल्याण होस भन्ने कामना गर्दछौं।

रुपराज गहना, सुन, चांदी दुकान

मोहरीया टोल, फोन नं. २३३३७

सारा मानवमा धर्मचक्र प्रवर्तन दिवसको पूनित उपलक्ष्यमा मनुष्यत्व गुण अभिवृद्धि गर्ने सचेतता आवस भन्ने मंगल कामना गर्दछ।

सुवर्ण आभुषण

सिंहनाथ टोल, पोखरा

फोन नं. २२३२५, २२३२४

सत्य यथार्थको बेग्लै व्याख्या

> व.आ.कनक द्वीप

धेरै मानिसहरुमा एउटा गलत धारणा के छ भने "सत्यको जीत हुन्छ, असत्य को हार हुन्छ" तर, बुद्धले भनेका छन् - "जीत सत्य, हार असत्य हो भन्नु भन्दा पनि सजगना (सचेतता) भएको मानिस कहिले पनि हार्दैन ।"

"अझ युद्ध (लडाई, झगडा) मा त दुवैको हार हुन्छ । कसैले जित्दैन ।"

अब भनुँ - बुद्धले सत्य एवं यथार्थताको व्याख्या यसरी गरेका छन् - "जीत स्मृति राख्न सक्ने अप्रभावीहरुको भागमा पर्छ भने हार प्रभावीहरुको हुन्छ। त्यसैकारण, संघर्ष भन्ने कुरो विनास हो। सल्लाह, सहमतिले मानव कल्याणको बाटो खुल्छ ।

वीर भोग्या वसुन्धरा "वीरले पृथ्वी भोग्छ" भन्नु मृग तृष्णा हो । झूठो सल्लाह हो ।

हिटलरले आत्म हत्या गरेका थिए ।

टोजो हिडेकी मारिएका थिए ।

मुसोलिनी झुण्डाइएका थिए ।

अर्थात, यो पृथ्वीलाई नै जितेर भोग गर्ने छौं भनेर लागेका जर्मन, जापान र इटालीका उपरोक्त वीरहरुले माटो खानु परेको थियो ।

महाभारतको युद्धमा कौरवले शारीरिक हार पाए भने पाण्डवले मानसिक हार पाएका थिए। महाभारत दुवै पक्षको हारको युद्ध थियो । बुद्धको भनाई सार संक्षेपमा यसरी व्याख्या गर्न सकिन्छ - "जीत र हारको कुरा सजगता र असजगताको कुरा हो । मानिसले होसमा हिडने गर्नु पर्छ । वेहोसमा होईन । मानिसले गर्ने कामको सफलता र असफलता पनि होस्, वेहोसको परिणाम हो । सत्य र असत्य जुम्ल्याहा दाजुभाई हुन् । सत्य आउना साथै असत्य पनि आइ हाल्छ । असत्य आउनासाथ सत्य पनि आइ हाल्छ । यस संसारको भवचक्र रथको पाँग्रा झैं सत्य/असत्य साथ साथै घुमिरहेकै हुन्छ। यस उसले जित्तको लागि (कुनै कामको सफलताको लागि) मानिस सँधै सजग हुनु पर्छ ।

त्यसैले बुद्ध धर्ममा विपश्यना ध्यानलाई नै महत्व दिएको हुन्छ । जुन सुकै कुरोलाई पनि महत्व दिएको हुन्छ । जुन सुकै कुरोलाई पनि विशेष (वि) ध्यान दिए र हेर्ने (पश्यना) को अभ्यास गर्न सिकाउँछ ।

विपश्यना पछि समानताको तुलनाको अभ्यास समथा ध्यानको हेक्का हुन्छ ।

बुद्धको सिद्धान्तलाई (बुद्ध धर्म भनिएको भएता पनि) यस धर्ममा ध्यानी बुद्धहरुको पनि कल्पना गरिएको छ ।

ध्यान अनुप्राणित अभ्यासलाई नै महत्व दिएर जापानी बौद्धहरु जेन ZEN भएका हुन् । सजगता Strict aware and alert नै जीवन हो । सजग मानिस मति भ्रममा पर्दैन । दिवा स्वप्न त के रात सपना (स्वप्न) पनि देख्दैनन् । उनीहरु आ-आफ्नो चेतनामा सफलताका साथ जिइरहेका हुन्छन् ।

यी यथार्थ सत्यका कुराहरु बुझ्नको लागि कुनै ठूलठूलो दर्शन शास्त्रहरु पनि पढ्नु पर्दैन ।

आफ्नो जीवन होसमा राखे पुग्छ । बुद्ध धर्मले दुःखको कारण बुझ्न होसमा रहनु पर्छ भन्ने गर्छ । अनित्यता बुझ्न सक्नु पर्छ भन्छ । अनात्म थाहा पाउनु भनेको हुन्छ । अथवा होसमा रहने मानिसले जुनसुकै कुरोको हेतु पनि बुझ्न सक्छ । प्रतित्य समुत्पाद (हेतु-फल)को यथार्थ सत्य थाहा पाउँछ ।

बुद्धले झै सबै मानिसले पनि बोधिज्ञान प्राप्त गर्न सम्भव छ । तर, बोधि ज्ञान प्राप्तीको लागि बोधि ज्ञान थाप्ने भाँडो (स्मृति) साहस (वीर्य) एक चित्तता (समाधि) सद्विचार, मानसिक शान्ति र क्षान्ति (चिन्ता रहित स्वस्थता) र उपेक्षा (तटस्थ भाव) चाहिन्छ । बौद्ध पाली ग्रन्थहरुमा "पञ्ञाँ नरानाम् रतनं" भनिएको छ । महायान सूत्र "प्रज्ञा पारमिता" भनिन्छ । अर्थात ज्ञान भएको मानिस रत्न हो । प्रज्ञाले (होस जगाएर) मानिसलाई बाटो देखाउँछ । अर्थात् पार लगाउँछ । सत्य र असत्य छुट्याउन सक्ने उपाय कौशल खुल्छ ।

सत्य भन्ने कुरो पनि जान्नु पर्छ । आफ्नो आँखाले झ्वाट्ट डोरीलाई सर्प सम्झिन सक्छ । त्यो संवृत्ति सत्य मात्र हो । सर्प भनेर ठानेको डोरी सर्प होइन भन्ने कुरा थाहा पाए पछि परमार्थ सत्य (सत्यको पनि यथार्थ सत्य) खुल्छ । यस्तो सत्यको दुई रुप बाहिरी र भित्री सत्यको ज्ञान हुन सक्यो भने मानिस लाई धोका हुँदैन । बौद्ध ग्रन्थ अभि धम्म पिटकमा परमार्थ सत्यहरु absolute realities हरुको व्याख्या गरिएको छ ।

पञ्चस्कन्ध (रुप, वेदना, संज्ञा, संस्कार र विज्ञान) संवृत्ति सत्य हुन् ।

रुपको चित्र Feelings परमार्थ सत्य हुन् । हाम्रा दुई आँखाहरु सवृत्ति सत्यका लागि हुन् भने ज्ञान चक्षु (मनको आँखा) भए पछि परमार्थ सत्य पनि थाहा पाउन सकिन्छ । त्यसैले हाम्रो हृदयको पनि एक विशेष आँखा ज्ञान inner eye of heart हुन्छ ।

हिन्दूहरुले परिभाषित गर्ने ब्रम्ह ज्ञान परमार्थ हुन् कि ?

तर, ज्ञानको लागि ध्यान चाहिन्छ ।

बौद्धहरु अलौकिकताको पछि लाग्दैनन् र यथार्थ सत्यको लागि झुठा दर्शन शास्त्रहरु अध्ययन गर्दैनन् ।

यस उसले, सत्य तथ्यको व्याख्या गर्दा इश्वरीय प्रायोजित कुराहरुको आधार पनि चाहिँदैन ।

मानिसमा जे छ, त्यो नै आधार सत्य हो । प्रकृति हो । यथार्थ हो । त्यसपछि, त्यो किन र कसरी आउँछ भन्ने कुरो विशेष किसिमले मनन गर्दा परमार्थ सत्य पनि थाहा लाग्छ ।

त्यसै कारण बौद्धहरु "अत्तर दिपो भव", "आफ्नो प्रकाश आफै होऊ" भन्ने कुरोमा विश्वास गर्छन् ।

झूठो कुरो सत्य हो भन्ने भ्रममा पर्दैनन् । सत्य कुरो झुठो हो भनेर मान्दैनन् ।

आफूहरुसँग ज्ञान चक्षुले सत्य/असत्य चिन्न सक्ने क्षमता हुन्छ । कसैको लहै लहैमा लागेर खाडलमा खस्न चाहँदैनन् । असत्यसँग हार मान्दैनन् ।

परमार्थ सत्य absolute reality बारे तर्क गर्नु आवश्यक हुँदैन ।

बुद्ध वचन

तर, मिथ्या दृष्टिले परमार्थ सत्य जानिँदैन ।

बौद्ध अर्घौं सदन : एक चिनारी

> बिलबहादुर गुरुङ

पोखरा शहरीकरणतिर उन्मुख हुँदै गइरहेको बेलादेखि मानिसहरुको वस्ती क्रमिक रुपमा बढ्न थाल्यो। पोखराको अवस्थिति र भौगोलिक सुगमताले बस्ती द्रुत गतिमा बढ्ने क्रमसँगै विभिन्न सुविधाहरुको आवश्यकता महसुस हुँदै गयो । त्यस बेलाका अग्रज समाजसेवीहरु स्व.मेजर वीर सिंह गुरुङ जस्ता व्यक्तित्वहरुको सक्रियतामा सोल्जर बोर्ड (वर्तमान पश्चिमाञ्चल तथा गण्डकी) अस्पतालको स्थापना भयो । यसभन्दा अगाडि साईनिङ अस्पतालको यहाँ स्थापना भईसकेको थियो । जब विरामीको अवस्था चिन्ताजनक हुन्छ तब हतारीएर अस्पताल धाउने हाम्रो प्रवृत्ति छ, भने त्यस समयमा झन बढी थियो । तापनि टाढा टाढाबाट औषधोपचारको लागि मानिसहरु यहाँ आउन थाले । सिकिस्त विरामीहरु मध्ये भाग्यमानी मात्र घर फर्कन्थे भने अन्यको अस्पतालमा नै मृत्यु हुन्थ्यो । त्यस घडीमा विरामी कुर्न बसेको एक्लो व्यक्तिलाई मृतक स्याहार्ने, परम्परा अनुसार पुरोहित खोज्ने, लास जलाउन दाउराको व्यवस्था गर्ने, आफन्त नातेदार लाई खबर गर्ने आदि यावत कुराहरु गर्न सम्भव थिएन । कति लासलाई त सेती नदीको डिलबाट वेवारिसी अवस्थामा फ्याक्नु पर्थ्यो । त्यो हृदय विदारक दृष्य देखेका र सेवा गर्ने भावना भएका व्यक्तिहरुले एउटा संस्थाको आवश्यकता महसुस गरे । व्यक्तिगत सहयोग भनेको तत्कालको लागि र क्षणिक हुन्छ तर संस्थागत सहयोग निरन्तर र दीर्घकालीन हुन्छ भन्ने बुझेका हाम्रा दूरदर्शी अग्रजहरुको पहलमा गण्डकी अस्पतालको नजिकै सेती नदीको किनारमा वि.सं. २०३५ सालमा एउटा संगठित संस्थाको जन्म भयो ।

विशेषत: देव कार्य, पितृ कार्य, सु-सम्पन्न गर्नु गराउनु, मर्दा पर्दा पारस्परिक सहयोग आदन-प्रदान गर्नु गराउनु, हरेक मृतकको अन्त्येष्टी कृया सम्मानजनक तुल्याउने प्रयास गर्नु गराउनु, मितव्ययी सिद्धान्तको आधारमा परम्परादेखि चलि आएको रितिथितिको परिपालना गर्नु गराउनु र गरीव तथा वेवारिसे लासको अन्त्येष्टी कृयामा आवश्यक सहयोग उपलब्ध गराउने पवित्र उद्देश्य लिई यस सुन्दर नगरी पोखरामा दुई दशक भन्दा अगाडि "सेवा नै परम धर्म हो" भन्ने मुल मन्त्र सहित स्थापना भएको धार्मिक तथा सामाजिक संस्थाको नाम "बौद्ध अर्घौं सदन" हो ।

तत्कालीन सामाजिक संरचना र राज्य व्यवस्थाको सामाजिक संघ संस्थाहरु प्रति हेर्ने दृष्टिकोण जे जस्तो रहेको भए तापनि विभिन्न झमेलाहरु पार गर्दै गण्डकी अञ्चल कास्की जिल्ला पोखरा उप-महानगरपालिका वडा नं. १० स्थित वैरागी वन (प्रस्ताविक गौतम बुद्ध पार्क) को नजिकै लगभग २५ रोपनी (१५ रोपनी सदनको आफ्नै नाममा जग्गा धनी पूर्जा भएको र झण्डै १० रोपनी जति हाले नगरपालिका वोर्डले भोग चलनको लागि सदनलाई उपलब्ध गराएको) क्षेत्रफलमा फैलिएको यस सदनको हाताभित्र भगवान गौतम बुद्धले प्रतिपादन गर्नु भएको दर्शनको अनुशरण गर्दै धार्मिक भावना भएका मानिसहरुले पूजापाठ गर्न एउटा गुम्वा देव कार्य, पितृ कार्य व्यवस्थित गर्न अर्घौं घर र बत्ति बाल्ने घर, व्यवस्थित भान्सा घर र डाइनिङ्ग हल, लाश राख्ने घर, दैनिक कार्य सम्पादनको लागि कार्यालय, व्यवस्थित शौचालय लाश जलाउन दाउरा र टायर विक्रि डिपो लगायत पानी विजुली र टेलिफोनको व्यवस्था मिलाईको छ ।

लेखक बौद्ध अर्घौं सदनको शचिव हुनुहुन्छ ।

वि.सं.२०४० सालमा जिल्ला प्रशासन कार्यालय कास्कीबाट बैधानिकता पाएको सदन, समाज कल्याण परिषद (तत्कालीन सामाजिक सेवा राष्ट्रिय समन्वय परिषद) मा दर्ता भई विधानले गरेको व्यवस्था अनुसार नै कार्य गर्दै आएको छ। बौद्ध अर्चौं सदनमा आजीवन, वार्षिक र मानार्थ आजीवन सदस्य गरि तीन प्रकारका सदस्यहरुको व्यवस्था गरिएको छ। आजीवन र वार्षिक सदस्यहरु मध्येबाट प्रत्येक २ वर्षमा वार्षिक साधारण सभाद्वारा अध्यक्ष, सचिव र नौ जना सदस्य सहित एघार सदस्यीय अधिकार सम्पन्न कार्य समितिको निर्वाचन हुन्छ। यही समितिले गुम्वाको मुख्य लामा, कार्यालय सचिव, चौकिदार लगायत आवश्यकता अनुसार कर्मचारीको पनि नियुक्ति गर्ने गर्छ। निवर्तमान अध्यक्षको अध्यक्षतामा पूर्व अध्यक्षहरु र एक जना महिला सहित समाजका प्रतिष्ठित व्यक्तित्वहरुबाट तीन जना महानुभावहरु सम्मिलित एउटा सल्लाहकार समिति र कार्य समितिका सदस्यहरुको संयोजकत्वमा विभिन्न उप-समितिहरु गठन गरी सदनको आन्तरिक प्रशासन मिलाइन्छ।

सदनले समाजलाई निरन्तर उपलव्ध गराएको सेवा भनेको लाश जलाउने दाउरा नै हो। हिजोको त्यो कारुणीक दृष्य र आजको अवस्थामा धेरै नै अन्तर आइ सकेको छ। तापनि मानिसका आवश्यकताहरु असीमित हुने हुँदा केही अप्ठ्याराहरु अझै छन्। पोखरा नगरका मात्र नभै यस वरपरका गाउँहरुबाट पनि लाश यहाँ ल्याउने गर्छ। जसको लागि इन्धनको आपूर्ति यस सदनले कुनै भेदभाव विना गरिरहेको छ। त्यसैको नतिजा स्वरुप वर्षेनी यहाँ ल्याउने लाशको संख्यामा वृद्धि भइरहेका छन्। हालका वर्षहरुको तथ्याङ्क अनुसार प्रति वर्ष ६००-७०० सम्मको संख्यामा सदनको चितामा लाश जलाउने गरिन्छ। हाम्रो संस्कार अनुसार लाश दाउराले नै जलाउनु पर्ने भएकोले दाउरा आपूर्ति व्यवस्थालाई सुदृढ पार्नु पर्ने देखिन्छ। विगत केही वर्ष देखि सरकारी निकायहरुको आपसी समन्वयमा देखिएको अभाव र उचित नीति निर्देशनको कमीले गर्दा दाउराको आपूर्तिमा समस्या परिरहेको छ। लाश जलाउने दाउरा जस्तो सम्वेदनशील विषयमा समेत सबैको घ्यान पुग्न सकिरहेको छैन। यस विषयमा सबै क्षेत्रबाट सकारात्मक पहल हुनु पर्ने देखिन्छ।

गुरुङहरुको वाहुल्यता भएको नगर पोखरामा गुरुङहरुकै सकृय सहभागीतामा स्थापित यस संस्थाले आफ्नो कार्य क्षेत्रलाई क्रमिक विस्तार गर्दै लगेको छ। यहाँ विभिन्न व्यक्ति तथा संघ संस्थाहरुको अनुदान सहयोगबाट आवश्यक भौतिक पूर्वाधारहरु तयार भएका छन् भने कतिपय योजनाहरु चालु अवस्थामा छन्। उपासक उपासिकाहरुको आस्था, विश्वास र लगनशीलताले यो सदन पर्यटकीय दृष्टिले पनि महत्वपूर्ण हुँदै गएको छ। सदनले आफ्नै गुरु योजना मुताविक निर्माण कार्यहरु गरिरहेको छ भने सोही नदीको किनारमा अवस्थित यस संस्थाले नदी कटान रोक्न गरेको पयास स्वरुप सम्वन्धित निकायमा आवाज पुऱ्याएको छ भने यसबाट सानै रुपमा भए पनि प्राप्त उपलव्धिले सदनको मात्र नभै यस क्षेत्रकै सुरक्षा व्यवस्थालाई मजबुत बनाउन सहयोग गरेको महसूस सदनले गरेको छ। यस कार्यको निरन्तरता रहने कुरामा सदन विश्वस्त छ।

सदनं एउटा विशुद्ध धार्मिक तथा सामाजिक संस्था भएकोले विभिन्न धार्मिक कार्यक्रमहरु सञ्चालन गरी समाजका मानिसहरुलाई धर्म वारे ज्ञान दिने र प्रचार प्रसार गर्ने कार्य गरिरहेको छ। यसले विभिन्न समयमा गोष्ठी, सेमिनार, प्रवचन जस्ता कार्यक्रमहरुको आयोजना गरी धार्मिक भावना अभिवृद्धि गर्ने कार्य गर्दै आएको विशेषत: भगवान बुद्धको अहिंसावादी विचार धारा प्रति सदन स्पष्ट छ। यस सदनको हाताभित्र पशु पंक्षिको वलि दिने, धुम्रपान-मद्यपान जस्ता कार्यको पूर्ण रुपमा निषेध गरिएको छ।

काम त तिमीहरुले नै गर्नु पर्दछ, तथागतहरुको काम केवल मार्ग देखाउनु हो ।
तथागतले देखाएको मार्ग पछ्याएर ध्यानाभ्यासी भएमा मारको बन्धनबाट मुक्त हुन्छ ॥

दश अकुशल कर्महरु

भगवान् बुद्धले सिकाए अनुसार आफूलाई श्रमण परम्परामा प्रतिस्थापन गरी सकेपछि हामीले सबभन्दा पहिले गर्नु पर्ने काम हो । अकुशल याने पाप कर्महरुलाई छोड्ने र कुशल कर्महरुमा संलग्न रहने । अनि यस पछि ध्यानको अभ्यास गर्दै चित्त शुद्ध पार्दै लैजाने । जव हामी अकुशल कर्महरु छोड्दै कुशल कर्महरुमा संलग्न रहन्छौं, अनि ध्यानको अभ्यास गर्दै चित्त शुद्ध पार्दछौ । त्यसवेला हामीमा निर्वाणको ढोका क्रमशः खुल्दै जान्छ । यसैले सवैजसो बुद्धहरुले अकुशल कर्मको परित्याग, कुशल कर्मको संकलन र चित्त शुद्धीलाई नै आफ्नो मूल उपदेशको रुपमा लिएका छन् । भगवान बुद्धको यस सन्दर्भमा भन्नु हुन्छ ।

"सब्ब पापस्स अकरण - कुसलस्स उपसम्पदा ।
सचितपरिमोदपने - मनं बुद्धानुसासनम् ॥" ३ अर्थात्

कुनै पनि पाप नगर्नु, कुशल कार्यमा संलग्न रहनु,
आफ्नो चित्तलाई शुद्ध पार्नु, यही बुद्धहरुको उपदेश हो ।

अब हाम्रो सामु प्रश्न खडा हुन्छ अकुशल कर्म के हुन् र यसलाई कसरी परित्याग गर्ने भन्ने । बुद्ध धर्मका अनुसार अकुशल कर्महरु दश प्रकारका छन् र यी कर्महरुलाई शरीर, वचन र मनले गरी तीन प्रकारले सम्पादन गरिन्छन् । बुद्ध धर्ममा पाइने दश अकुशल कर्महरु यस प्रकार छन् ।

शरीरबाट हुने अकुशल कर्महरु

(१) पाणातिपात अर्थात् प्राणी हिंसा
(२) अदिन्नादान अर्थात चोरी र
(३) कामेसुमिच्छ्याचार अर्थात व्यभिचार

वचनबाट हुने अकुशल कर्महरु

(४) मुसावाद अर्थात झुठो वचन
(५) पिसुणवाचा अर्थात चुग्ली
(६) फरुसवाचा अर्थात कडा वचन र
(७) सम्मप्फलाप अर्थात अनर्थको बोली

मनबाट हुने अकुशल कर्महरु

(८) अभिज्झा अर्थात लोभ
(९) व्यापाद अर्थात द्वेष र
(१०) मिच्छादिट्ठि अर्थात दृष्टिभ्रम (मोह)

पञ्चशीलको पालना

यी अकुशल कर्महरुलाई परित्याग गर्न सकियोस् भनेर बुद्ध धर्मले सर्व साधारण जनताको लागि, विशेष गरेर आफ्ना उपासक वा उपासिकाहरुका लागि, पाँचवटा नियम वा शीलहरुलाई आचार संहिताको

रुपमा गरेको छ। यी पाँच शीलहरु यस प्रकार छन्:

"(१) प्राणातिपाता वेरमणी सिक्खापदं समादियामि ।
(२) अदिन्नादाना वेरमणी सिक्खापदं समादियामि ।
(३) कामेसु मिछ्याचारा वेरमणी सिक्खापदं समादियामि ।
(४) मुसावादा वेरमणी सिक्खापदं समादियामि ।
(५) सुरामेरय मज्जपमाद्‌टठाना वेरमणी सिक्खापदं समादियामि ।" अर्थात्

(१) म प्राणी हिंसाबाट अलग रहने शिक्षापद ग्रहण गर्दछु ।
(२) म चोरीबाट अलग रहने शिक्षापद ग्रहण गर्दछु ।
(३) म पर-स्त्री गमन, मिथ्याचारबाट अलग रहने शिक्षापद ग्रहण गर्दछु ।
(४) म झूठो वचनबाट अलग रहने शिक्षापद ग्रहण गर्दछु ।
(५) म मदिरा आदि नसालु पदार्थ सेवनबाट अलग रहने शिक्षापद ग्रहण गर्दछु ।

माथि उल्लेखित पञ्चशील मध्ये पहिलो, दोश्रो र तेश्रो शीलहरुले शरीरबाट हुने तीन अकुशल कर्महरुलाई हटाउने काम गर्दछ भने, चौथो शीलले वचनबाट हुने चार प्रकारका अकुशल कर्महरुलाई हटाउने काम गर्दछ। यस्तै पाँचौ शीलले मनबाट हुने तीन अकुशल कर्महरु हटाउने काम गर्दछ।

दश कुशल कर्महरु

दश कुशल वा पुण्य कर्महरु के के हुन् र यीनलाई कसरी पालन गर्ने भन्ने तर्फ लागौं। कुशल वा पुण्य कर्मले ती काम कुराहरुलाई संकेत गर्दछ जसलाई सम्पादन गर्नाले सम्पादन गर्ने व्यक्तिको साथै अरुलाई पनि सुख, शान्ति वा प्रशन्नता मिल्दछ। दश कुशल वा पुण्य कर्महरु यस प्रकार छन्:

(१) दान अर्थात् उदारता
(२) शील अर्थात राम्रो आचरण
(३) भावना अर्थात् ध्यानको अभ्यास
(४) अपचायन अर्थात् मान्यजनहरुको कदर
(५) वेय्यावच अर्थात् मान्यजनहरुको सेवा,
(६) पत्तिदान अर्थात् पुण्यको बाँडफाड,
(७) पत्तानुमोदन अर्थात् अरुबाट भएका राम्रो कार्यको अनुमोदन,
(८) धम्मस्सवन अर्थात् धर्मोपदेशहरुको श्रवण,
(९) धम्मदेसना अर्थात् धार्मिक शिक्षा प्रदान र ।
१०) दिटिठजुकम्म अर्थात् मिथ्या दृष्टिको परित्याग ।

भावनाको अध्यास

जब मानव अकुशल कर्महरु त्यागी कुशल कर्मतिर प्रवृत्त रहन्छ त्यसबेला उसको चित्त एक प्रकारले प्रमुदित भइसकेको हुन्छ। यस्तो प्रमुदित चित्तलाई विशुद्धितिर लैजाने क्रियालाई नै भावना वा ध्यान भनिन्छ। चित्तलाई विशुद्धितिर डोर्याउने पहिलो क्रिया हो शमथ भावना वा ध्यान। यसलाई कुनै बिषय वा बस्तुमा आफ्नो ध्यान केन्द्रित गरेर अभ्यास गरिन्छ। यसको लागि बुद्ध धर्मले साधक वा उपासकलाई आ-आफ्नो ध्यान केन्द्रित गरेर अभ्यास गरिन्छ। यसको लागि बुद्ध धर्मले साधक वा उपासकलाई आ-आफ्नो स्वभावसँग मिल्ने गरी चालीस वटा कर्मस्थान या विषयवस्तुहरु मध्ये एउटालाई छानेर ध्यानको अभ्यास गर्न सल्लाह दिन्छ। यस ध्यानको अभ्यासले मानव चित्तलाई एकाग्रता वा समाधी तर्फ डोर्याउने गर्दछ। मानव चित्त एकाग्रता वा समाधी तर्फ डोरिइन थालेपछि अभ्यास गर्ने अर्को भावना वा ध्यान हो,

काक्रे विहारः प्राचीन बौद्धस्मारक हो

> तिलकमान गुभाजु

भगवान बुद्ध नेपालमा जन्मनु भएको हो। उहाँ नेपालका सपुत हुनुहुन्छ, राष्ट्रिय विभूति हुनुहुन्छ। आफ्नो राष्ट्रिय विभूतिद्वारा प्रतिपादित बुद्ध धर्म साँचो अर्थमा नेपालको धर्म हो, नेपालीहरुको आफ्नै धर्म हो र मौलिक धर्म हो। यो धर्म नेपाल र नेपालीहरुको आफ्नै धर्म भएर पनि किन हो, नेपालमा यस धर्मलाई प्राथमिकता दिएर अपनाएको पाइदैन। यसको विपरीत, कहिले काही यस धर्म माथि अतिक्रमण भएको तीतो अनुभव यहाँका बौद्धहरुले गरिरहेका छन्। हालै सुर्खेत जिल्लाको लाटी कोहली गाउँमा रहेको काक्रेविहार सम्बन्धमा जेजति कुराहरु बाहिर आइरहेछन्, त्यसबाट बौद्धहरुले आफूमाथि फेरि एक पटक अतिक्रमण भएको महशुस गर्दछन्।

दशौं देखि बाह्रौं शताब्दीताका निर्माण गरिएको त्यो भव्य एवं विशाल काक्रेविहार र विहार हातामा निर्मित मन्दिर आदि बाह्रौं शताब्दी पछि मुसलमानहरुको आक्रमणमा परी नष्ट भएको इतिहासकार एवं पुरातत्वविद्हरुले अनुमान गरेका छन्।

सात आठसय वर्ष पहिले विधर्मीहरुले विगारिदिएको त्यस बौद्ध स्मारकको सामग्रीहरु हाल पनि यत्रतत्र फैलिएर रहेका देखिन्छन् भने केही जमिन मुनि पुरिदै गए, केही यताउता छरिएर हराउँदै टुट्दै फुट्दै नष्ट हुँदै पनि गए। तैपनि जमिनमा देखिएका, अलपत्र रही रहेका बुद्धका ठूला साना मूर्तिहरु , धर्मचक्र अंकित गोलाकार ढुङ्गाहरु, ठूल्ठूला शीला स्तम्भहरुमा कुदिएका बुट्टाहरु देख्दा जो कोहीले पनि त्यो बौद्ध स्मारकको भग्नावशेष भएको ठोकुवा गर्दछन्। त्यहाँका स्तम्भहरुमा काक्रोको बीया जस्तो बुट्टाहरु कुदिएकाले त्यसलाई काक्रेविहार भनिएको हो।

काक्रे विहारको उत्खनन गर्न गएकाहरुले उत्खनन पुरा नहुँदै त्यहाँ विहारको अस्तित्व नै छैन भन्न खोज्नु र त्यति ठूलो बुद्ध मूर्ति र बुद्ध धर्मसँग सम्बन्धित अन्य सामग्रीहरु छँदाछँदै पनि त्यसलाई अन्य धर्मको मन्दिर भन्न खोज्नु निश्चय नै आश्चर्य र दुःखलाग्दो कुरा हो। मलाई लाग्छ उत्खनन कर्ताहरुले अन्तिम निचोड निकालेका छैनन्। भरखरै उत्खनन भएकोले त्यहाँ पाइएका मूर्तिहरु, भग्नावशेषहरुलाई राम्ररी केलाएर कुन कति पुराना हुन र कुन सबभन्दा महत्वपूर्ण र मौलिक हुन भन्ने सम्बन्धमा तत्सम्बन्धी क्षेत्रका विशेषज्ञ र विद्वानहरुको ससेत राय सल्लाह लिएर तथा त्यस बेलाको त्यहाँको धार्मिक वातावरण आदिलाई गम्भीर किसिमले अध्ययन अनुसन्धान गरेर मात्र निक्यौल निकाल्नु उचित हुनेछ। हडंबडमा एकतर्फी निर्णय गरियो भने त्यसको परिणाम नराम्रो हुनसक्छ।

दशौं बाह्रौं शताब्दीताका कर्णाली प्रदेश ज्यादै महत्वपूर्ण क्षेत्र थियो। त्यस क्षेत्रको ऐतिहासिक अध्ययन योगी नरहरिनाथ, धनवज्र बज्राचार्य डा. सूर्यमणि अधिकारी लगायतका विद्वानहरुले गरेका छन्। उहाँहरुले आफ्नो खोज र अनुसन्धानको क्रममा पाउनु भएको वंशावली, शीलापत्र ताम्रपत्र आदि अभिलेखहरुले त्यस बेलाको धार्मिक, सामाजिक र राजनैतिक स्थितिको चित्रण प्रस्तुत गरेका छन्।

इतिहास र अभिलेखहरुले त्यसबेला कर्णाली प्रदेश पूरै बौद्ध क्षेत्र रहेको प्रमाणित गरेका छन्। नागराजाहरु, खस राजाहरु देखि चल्ल र मल्ल राजाहरु सबै बौद्ध थिए। राजाहरु मात्र होइनन त्यसबेला

नाम चलेका सउना कार्की, यशोवर्मा, देव बर्मा, मलय बर्मा जस्ता भारदार र सामन्तहरु पनि बौद्ध धर्म मान्दथे । यति सम्म कि उनीहरुको राज्य धर्म नै बौद्ध धर्म भएको इतिहासबाट प्रष्ट भएको छ ।

अछामको कुची विहार, दल्लु पाथ सउली माथिको पञ्च चैत्यको निर्माण सिंजा लामाथाडा गुफाको माटाका स-साना चैत्यहरु, दैलेख पादुका स्थानमा बुद्ध मूर्ति अंकित नेपाली भाषाको शिलास्तम्भ, हुम्लाको रेलिङ गोम्वा, रिका सांघुमा पाइएका अभिलेखमा उल्लेख ओंमणि पद्मे हूं, बुद्ध धर्म र संघलाई साक्षी राखेर लेखिएका दस्तावेजहरुले त्यसवेला वुद्ध धर्मको प्रचार प्रसार मजवूद किसिमले भएको प्रमाणित गर्दछन् ।

त्यसवेला कर्णाली प्रदेशमा दक्षिण तिरको श्रावस्ती र कास्मीरको वुद्ध धर्म तथा उत्तर तर्फको भोट तिव्वतको बुद्ध धर्मको प्रभाव चर्को रुपले परेको थियो । वुद्ध धर्मको महायान र बज्रयानको प्रचार प्रभावकारी रुपमा फैलिरहेको थियो । त्यसवेलाका राजाहरुले आफू गौरवान्वित हुन बौद्ध विशेषण प्रयोग गर्ने गर्दथे ।

राजा क्राचल्लले आफूलाई 'परम सौगत' र 'दानशील परायण', अशोक चल्लले 'हे बज्र चरणार विन्दमकरन्द मधुकर', जितारी मल्लले काठमाण्डौंको रातो मछिन्द्रनाथमा कोष चढाएको, रिपु मल्लले मछिन्द्रनाथलाई महास्नान गराएको, स्वयम्भुमा ठूलो पूजा गरी भोज खुवाएको, लुम्विनीको अशोक स्तम्भमा आफ्नो नाम अंकित गरेको आदि धार्मिक कार्यहरुले उनीहरुको बुद्ध धर्मप्रतिको आस्था र विश्वास के कति थियो भन्ने छर्लङ्ग पार्दछन् ।

पृथ्वीमल्लले कास्मीरबाट कालीगढहरु झिकाएर १८ वटा वुद्ध विहारहरु बनाएको, राजा प्रताप मल्लले राज्यारोहण गरेपछि राज हुनु भन्दा भिक्षु हुनु उचित सम्झेर राजकाज त्यागी भिक्षुत्व ग्रहण गरेको तथा राजा आदित्य मल्लले वालक कालमा भोटको शाक्य गोम्वामा गएर भिक्षु भएको आदि अनेक घटनाहरु इतिहासमा उल्लेख छन् ।

त्यसवेला सुर्खेत र जुम्ला ज्यादै महत्वपूर्ण स्थान मानिन्थ्यो । सुर्खेतमा लेखिएको "अभिसमयालंकार " भन्ने पुस्तक भोटको एउटा गोम्वामा पाइएको कुरा लुशियाना पेटेकले आफ्नो मेडियभल हिष्ट्री अफ नेपालमा लेखेका छन् । रिपु मल्लले "लघुरत्न त्रय" ग्रन्थ लेखेको कुरा सिञ्जा सेताको अभिलेखमा पाइएको छ । ती राजाहरुको पालामा भिक्षुहरु बरावर दरवारमा आउने जाने गर्दथे । कास्मीरका भिक्षु गुचपथी ता दरवारमा नै रहने गरेको पनि अभिलेखबाट प्रष्ट हुन्छ ।

वुद्ध धर्मको प्रचार र धार्मिक अनुष्ठानका लागि राजा र प्रजाहरुले अनेक चैत्य, गोम्वा, विहार लगायतका बौद्ध स्मारकहरु निर्माण गरेका थिए । ती स्मारकहरुमा केही तिव्वेती प्रभाव र केही कास्मीरी प्रभाव परेको पनि देखिन्छ । महायान बज्रयान फैलिदै गएको तथा कास्मीरबाट समेत कालीगढहरु आएर निर्माण कार्यहरु गरेकाले विहार, गोम्वा र चैत्यहरुमा केही देव देवीहरु अंकित हुनुलाई अन्यथा सम्झनु हुदैन । महायान र बज्रयानको पूजाविधिहरुमा समेत केही देव देवीहरु आउने गरेको कुरा संबन्धित क्षेत्रका धेरैलाई थाहा छ । वुद्ध धर्मको पतनपछि पवित्र मानिएको त्यस स्थानमा अरु कसैले गैर बौद्ध मूर्तिहरु राखी पूजा अर्चना गर्ने गरेको संभावनापनि उत्तिकै छ । कपिलवस्तु र देवहरुको धेरै ठाउँहरुमा यस्तो गरिएका छन् । त्यस्ता केही मूर्तिहरु आज फेला परे भन्ने आधारमा काक्रे विहारको नाम नै मेटाउन खोज्नु ठूलो अन्याय हुनेछ ।

त्यहांको उत्खनन कार्य हालै मात्र समाप्त भएको बुझ्नमा आएको छ । उत्खननबाट प्राप्त

सामग्रीहरु, अभिलेखहरु मूर्तिहरुको लेखाजोखा संम्वन्धित विशेषज्ञहरुले आफ्नो किसिमले गर्दै गर्लान ।
त्यहाँ फेला परेका ठल्ठूला मूर्तिहरुमा पुरानो मौलिक र महत्वपूर्ण बुद्धमूर्ति, सिंह शार्दुलका मूर्ति तथा ठूलो
हात्ती आदि हुन् । महत्वपूर्ण मूर्तिहरु सबै बुद्ध धर्मसँग संम्वन्धित छन् । यस्तो महत्वपूर्ण कुरालाई एकातिर
एउटा कुनामा पन्छयाएर सानातिना अन्य मूर्ति पाइएको कुरालाई ठूलो आधार बनाएर प्रचार गर्नु उचित
होइन । त्यस्तो पूर्वाग्रही सोच र निर्णयले ठूलो विवाद उत्पन्न गर्दछ । जुन विवादले उत्खनन कर्ताहरुको
निष्पक्षतामाथि नै औलो ठड्याउनेछ ।

कुनै ठाउँमा उत्खनन गर्नु नै ठूलो कुरा होइन । उत्खननबाट प्राप्त बस्तुहरुको सही मूल्यांकन र
सही पहिचान गर्न सक्नु ठूलो कुरा हो । जबसम्म सही पहिचान हुँदैन, तबसम्म त्यस वस्तुको त्यति महत्व
पनि हुँदैन । यस्तो कुरामा विशेष ध्यान दिनु आवश्यक छ । लुम्बिनीमा उत्खनन गर्दा धेरै पहिले नै
मायादेवीको मूर्ति प्राप्त भएको थियो । तर त्यहाँका स्थानीय मानिसहरुले त्यो मूर्तिलाई "रुम्मिनीमाई" भनंर
पूजा गर्दथे र वलि समम चढाउथे । जब त्यो रुम्मिनी माइ मायादेवीमा परिणत भयो तब त्यसको महत्व
बढ्दै गएको सर्व विदित छ । अरु पनि धेरै बौद्ध स्मारकहरको उचित पहिचानको अभावमा महत्व बढ्न
नसकेर त्यसै रही रहेको संम्वन्धित विषम विज्ञहरु धेरैलाई थाहा छ ।

यी सवै सन्दर्भमा सोच्दा धेरैको ध्यान उत्खनन कर्ताहरु काक्रे विहारतिर जानु अघि प्रकाशित
एउटा समाचारतिर आकर्षित भएको देखिन्छ । जुन समाचारमा भनिएकोछ । काक्रे विहारको भग्नावशेषमा
शिव र वुद्धसँग सम्वन्धित प्रतीकहरु फेला परिसकेकाले काक्रे विहार भनिएतापनि सो विहार प्राचीन मन्दिर
हुन सक्ने कुरा पुरातत्व विभागका पुरातत्व अधिकृत उद्धव आचार्य अनुमान गर्नु हुन्छ ।

केही महिना पहिले प्रकाशित त्यो समाचार प्रति अहिले बौद्धहरुको ध्यान गएको छ । उत्खनन
गर्नुभन्दा पहिले नै त्यस्तो अनुमान गर्नु र, त्यही आग्रह लिएर उत्खनन् गर्न जानु र उत्खननको क्रममा
विशेष अध्ययन र अनुसन्धान विना नै आपत्ति जनक समाचारहरु वाहिर आउनु निश्चय नै आश्चर्य र
दुःखको कुरा हो । काक्रे विहारको विधिवत उत्खनन नभए पनि १६५१ को अभिलेख सहितको बौद्ध धर्मसंग
सम्वन्धित मूर्तिहरु, ढुङ्गाका स्तम्भ (पिलर) आदि पाइनुले त्यो बौद्ध स्मारक भएको प्रमाणित गर्दछ । त्यस
ठाउँमा वोध गयाको प्रतीकको प्रतिमूर्ति र लुम्बिनीमा भएको महामाया देवीको मूर्ति पाइएको प्रकाशमा
आएको कुरा अखिल नेपाल भिक्षुमहासंघका उपाध्यक्ष भिक्षु सुदर्शन महास्वीर र डा. केशवमान शाक्यले
धनगढीमा भएको छैटौं राष्ट्रिय बौद्ध सम्मेलनमा प्रस्तुत कार्यपत्रमा उल्लेख गर्नुभएको स्मरणीय छ ।

धेरै सोधखोज र अनुसन्धान गरी काक्रे विहार बौद्ध स्मारक भएको प्रष्ट भएकै कारण स्व. श्री ५
महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव र श्री ५ वडा महारानी ऐश्वर्य सरकारहरु २०२९ साल पौष
२३ गतेको दिन त्यस ठाउँको अवलोकन भ्रमणमा सवारी होईवक्सेको थियो । मौसूफहरुको भ्रमण पछि
काक्रे विहार वाहिर चर्चामा आयो र केही संरक्षण गर्नु पर्ने आवाज पनि आउन थालेको हो ।

ईतिहासका यस्ता महत्वपूर्ण कुराहरु छँदा छँदै उत्खनन गर्नु भन्दा पहिले नै पूर्वाग्रही अभिव्यक्ति
दिनु, उत्खनको शुरुमा नै बौद्ध स्मारक होइन भन्ने समाचार छापि प्रचार गर्नु आदि कार्यहरु निश्चय नै
गैर जिम्मेवार र प्रायोजित विचार भएको बौद्धहरुले संझेका छन् । यस्तो हुनु राम्रो होइन ।

बौद्ध उपासिका संघको पुनगर्ठन

पोखरा, धर्मशीला बुद्ध विहार स्थित बौद्ध उपासिका संघको हाले यहाँ नया कार्य समिति गठन गरिएको छ । सन्त कुमारी बुद्धाचार्यको सभापतित्वमा गठित समितिमा सुन पुतली बुद्धाचार्य उपाध्यक्ष र चन्द्रलक्ष्मी शाक्य सचिव रहनु भएको छ ।

यस्तै समितिको उप सचिवमा दमयन्ती शाक्य र कोषाध्यक्षमा रुकु शाक्य रहनु भएको छ भने सदस्यहरुमा विमला बुद्धाचार्य, मंगली बज्राचार्य, गौतमी बुद्धाचार्य, नेत्रकुमारी गुभाजू, अशोक लक्ष्मी गुभाजू, बुद्धलक्ष्मी शाक्य, विष्णुमाया बज्राचार्य, शुभलक्ष्मी बज्राचार्य र सुश्री सूर्यमाया बज्राचार्य हुनुहुन्छ ।

समितिको धर्मानुशासकमा अनगारिका कर्मशील रहनु भएको छ भने पूर्व अध्यक्ष पंचलक्ष्मी बुद्धाचार्य सल्लाहाकार हुनुहुन्छ ।

कैलालीमा बुद्ध जयन्ती

कैलाली, भगवान गौतम बुद्धको जन्म, बुद्धत्व प्राप्ति तथा महापरिनिर्वाण दिवस बैशाख २४ गते यहाँ विशेष कार्यक्रमकासाथ सम्पन्न भयो ।

वैशाख पूर्णिमाको दिन बुद्धमार्ग स्थित लोकचक्र विहारबाट विहान शान्तिपद यात्रा, दिउसो धर्म देशना र बेलुकी स्थानीय युनेस्को क्लबद्वारा सांस्कृतिक कार्यक्रमको आयोजना गरिएको थियो ।

धर्म देशना कार्यक्रममा बुद्धजयन्ती समारोह समितिको तर्फबाट भाग लिन आउनु भएका भिक्षु श्रद्धानन्दले "भगवान बुद्धले शान्ति प्राप्तिको लागि दिनु भएको शिक्षा आजको आतङ्क हिंसाको माहौलमा अरु आवश्यक भएको औल्याउनु भयो । उहाँले शान्तिका प्रवर्तक भगवान बुद्ध जस्तो महामानव हाम्रो देशले पाउनु ठूलो गौरवको कुरा हो भन्नुभयो ।

कार्यक्रममा भिक्षु ज्ञान रतन र अनगारिका सुजाताले बुद्ध जयन्तीको महत्ववारे चर्चा गर्नु भएको थियो । समाजसेवी गगनराज भट्टले बुद्धको जन्मभूमी नेपालमा बुद्ध सम्वत चलाउनु उपर्युक्त हुने विचार व्यक्त गर्नुभयो ।

धर्मोदय सभा, धनगढीका अध्यक्ष प्रेम कुमारी तुलाधरको सभापतित्वमा भएको सभाको शुरुमा युनेस्को क्लबका अध्यक्ष मोती विक्रम श्रेष्ठले स्वागत भाषण गर्नु भएको थियो । समारोहमा अनगारिका खमेशी, लामाहरु, बौद्ध विद्वान विश्वशाक्यको उपस्थिति थियो ।

बुद्ध जयन्ती समारोह संपन्न

पोखरा, २५४५ औं बुद्ध जयन्ती यस पटक यहाँ विभिन्न कार्यक्रमहरुका साथ विशेषरुपले संपन्न भयो ।

बुद्ध जयन्तीको मुख्य कार्यक्रम धर्मशीला बुद्ध विहारबाट विहान शान्तिपद यात्रा गरी शुरु भएको थियो । यस अघि विहार परिसरमा बुद्ध जयन्ती समारोह समिति, काठमाण्डौबाट पाल्नु भएको गुरुमा अनुपमाले पञ्चशील प्रदान गर्नु भएको थियो । उपासक उपासिकाहरुले गुरुमाबाट शील ग्रहण गरे पछि बुद्ध पूजा गरिएको थियो ।

धर्मशीला बुद्ध विहारबाट शुरु भएको शान्ति पदयात्रा महेन्द्रपुल, तेर्सापट्टि, भीमसेनटोल, मोहरिया टोल हुँदै धर्म संघ बुद्ध विहारको प्राङ्गणमा पुगी सार्वजनिक समारोहमा परिणत भएको थियो । समारोहमा अनागारिका अनुपमाले बुद्ध धर्मको महत्वमाथि प्रकाश पार्दै बुद्ध धर्मको कारणले नेपाल र नेपालीको गौरव बढ्दै गएको उल्लेख गर्नु भयो । उहाँले नेपालका राष्ट्रिय विभूतिद्वारा प्रतिपादित बुद्ध धर्मलाई नेपालीहरुले आफ्नै धर्मको रुपमा ग्रहण गर्नु पर्ने कुरामा जोड दिनु भयो ।

अतिथि वक्ताको रुपमा डा. सानुभाई डङ्गोलले बुद्ध धर्म संसारको कुनै पनि धर्मभन्दा उत्कृष्ट रहेको चर्चा गर्दै शील, समाधि र आर्य अष्टाङ्गीका मार्गको अनुशरणले दुःख निवारणमा सघाउ पुग्ने विचार व्यक्त गर्नुभयो। उहाले संयुक्त राष्ट्रसंघले समेत बुद्ध धर्मको महत्व महसुस गरेर बुद्ध जयन्तीको १ दिने सार्वजनिक विदा दिनु हामी सबैका लागि ठूलो गौरवको विषय हो भन्नुभयो।

पोखरा विश्व विद्यालयका रजिष्ट्रार प्रकाशमान गुभाजूले धर्मका विविध पक्षबारे विवेचना गर्दै बुद्ध धर्मको महत्व हिजोभन्दा आज बढेको, हत्या हिंसा र आतङ्क रोक्न बुद्ध धर्मको अहिंसावाद उपर्युक्त माध्यम रहेको तथा शान्ति र विकासको लागि यो धर्मका अनुशीलन गर्नुपर्ने बताउनुभयो।

राज सभाका सदस्य गणेश बहादुर गुरुङले बुद्ध धर्मको छहारीले सबैलाई शीतल प्रदान गरी शान्ति दिने भएकोले आजको देशको वर्तमान परिप्रेक्षमा बुद्ध धर्मको सिद्धान्त जान्न बुझ्न र अपनाउनु आवश्यक भएको विचार व्यक्त गर्नु भयो।

कार्यक्रममा पोखरा उपमहानगर पालिकाका उपमेयर क्या.मानबहादुर गुरुङले बुद्ध धर्मको औचित्य र आवश्यकता औल्याउनु भयो।

विश्व शान्ति स्तूपका सभापति कृष्णबहादुर गुरुङको सभापतित्वमा भएको समारोहमा ज्ञानमाला संघका अध्यक्ष सुवर्ण बज्राचार्यले स्वागत भाषण र समारोह समितिका अध्यक्ष कृष्णमान गुभाजुले धन्यवाद ज्ञापन गर्नुभएको थियो। समारोहमा अनगारिका धर्मशीला, अनगारिका सुखवती, दलित तथा उत्पीडित समितिका उपाध्यक्ष गणेश परियारको विशेष उपस्थिति थियो।

समारोहमा बुद्ध जयन्ती मनाउनका लागि स्थापित अक्षयकोषका चन्दातादाहरुलाई डा. सानुभाई डङ्गोलले प्रशंसापत्र प्रदान गर्नुभयो। सो अक्षयकोष स्थापना र चन्दा संकलनमा दशरथमान बुद्धाचार्य र इच्छामान बुद्धाचार्यले प्रमुख भूमिका खेल्नु भएको थियो।

बुद्ध जयन्तीको उपलक्ष्यमा आयोजित पुष्प प्रदशनीमा प्रथम द्वितीय र तृतीय हुने तथा सहभागीहरुलाई अनागारिका अनुपमाले पुरस्कार र प्रमाणप्रत्र प्रदान गर्नुभयो।

समारोहमा धर्मशीला बुद्ध विहार दायक सभाका सभापति तिकमान गुभाजूले अतिथिहरुलाई पोखरावाट प्रकासित केही बौद्ध किताबहरु उपहार स्वरुप प्रदान गर्नुभयो।

शान्ति पदयात्राका सहभागीहरु सबैलाई चन्द्रमान बज्राचार्यकी धर्मपत्नी, ज्ञानमाला संघका अध्यक्ष सुवर्ण बज्राचार्य, पूर्व अध्यक्ष सोम बज्राचार्य र बौद्ध उपासिका संघका अध्यक्ष सनतु लक्ष्मी बुद्धाचार्यका आमा लक्ष्मी कुमारी बज्राचार्यको स्मृतिमा बज्राचार्य परिवारबाट शान्ति पदयात्राका सहभागीहरु सबैलाई प्रसाद वितरण तथा लामाहरु तथा अन्य प्रमुख सहभागीहरुलाई भोजनदान गरिएको थियो।

बुद्ध जयन्तीको दिनमा बौद्ध अर्घौ सदनले प्रवचन कार्यक्रमको आयोजना गरेको थियो भने राती युवा बौद्ध संघले धर्म संघ बुद्ध विहारबाट दीप यात्रा गरी मोहरिया टोल, नालाको मुख, गणेशटोल, रामकृष्ण टोल हुँदै चिप्लेढुङ्गा, महेन्द्रपुल भै धर्मशीला बुद्ध विहार पुगेर विसर्जन भएको थियो।

सचेतना कार्यक्रम

पोखरा, भगवान बुद्धको २५४५ औं बुद्ध जयन्तीको उपलक्ष्यमा यहाँको मैत्री संघले बाल सचेतना कार्यक्रम अन्तर्गत बुद्ध पूजा गरी मनायों। कार्यक्रममा ६० जना बाल बालिकाहरु र अभिभावकहरुको उपस्थिति थियो।

कार्यक्रममा संघका अध्यक्ष गोविन्द ताम्राकारले मनलाई शुद्ध पारी एक दिन भए पनि विकारबाट मुक्त हुन सकेमा पनि केही उपलब्धि हुने कुरा बताउनु भयो।

निर्माण कामना

पोखरा, धर्मशीला बुद्ध विहार दायक सभाका आजीवन सदस्य बौद्ध उपासक पोखरा अर्चलबोट निवासी योगमणि ताम्राकारको निधनमा विहार परिवारले शोक व्यक्त गरी उहाँको निर्माणको कामना गर्‍यो ।

उहाँको २०७ चैत्र ९ गतेका दिन निधन भएको थियो। दिवंगत ताम्रकार आफ्नो जमानामा राजनीतिमा सक्रिय हुनुहुन्थ्यो । उहाँले नेवारी भाषाको उन्नतिको लागि काम गर्नु भयो भने बुद्ध धर्मप्रति उहाँको अटुट आस्था रहेको थियो । उहाँले देशलाई धर्म निरपेक्ष बनाउनु पर्ने कुरामा जोडदार तर्क राख्नु हुन्थ्यो ।

श्रीमती बज्राचार्यको निधन

पोखरा, ज्ञानमाला संघका अध्यक्ष सुवर्ण बज्राचार्य र पूर्व अध्यक्ष सोम बज्राचार्य तथा बौद्ध उपासिका संघको सन्त लक्ष्मी, बुद्धाचार्यकी आमा तथा उपासक चन्द्रमान बज्राचार्यकी धर्मपत्नी लक्ष्मी कुमारी बज्राचार्यको असमायिक निधनमा धर्मशीला बुद्ध विहारले हार्दिक शोक व्यक्त गरी शोक सन्तप्त परिवारप्रति समवेदना प्रकट गरेको छ ।

बौद्ध उपासिका संघले छुट्टै एक प्रस्ताव पारित गरी उहाँको मणि कामना गर्‍यो ।

त्यस्तै शाक्य समाजले पनि उहाँको निधनमा हार्दिक शोक व्यक्त गरेको समाचार छ ।

प्रेम

लेखिकाः- विद्याकुमारी बज्राचार्य

प्रेमले बाँच्न सिकूँ ।
उपवनमा फुलेका फूलहरुमात्र होईनन्,
हरिया बोटवेर्नाहरु मात्र होइनन्
काठ, दाउरा र झारपात मात्र पनि होईनन्
मानवलाई मानवता दिएर प्रसन्न भई हाँसूँ ।
जङ्गलका ओडार, गुफाका जीवजन्तुहरुमात्र होईनन्
बाघ, भालु, सिंह, स्याल र चितुवामात्र होईनन्
मृगशावक, छाउरा, चल्ला र पाठापाठी मात्र पनि होईनन्
समयानुरुप विश्वका प्राणीमात्रलाई बचाउँन जमर्को गरुँ ।
बस्ने घर कोठामात्र सफा भएर पुग्दैनन्
धुँवा, धुलो र ध्वनीको प्रदुषणलाई रोकेर स्वच्छ सास फेरुँ ।
शरीरमात्र सुकिलो भएर पुग्दैन,
मनस्थितिलाई कावुमा राख्न नै सक्तैन भने,
हर रोज मनलाई माझेर टलक्क पारेर राखूँ
आँखाले हेरेर मात्र केही बुझ्दैन,
ज्ञान ज्योतिले भित्रसम्म हेर्ने विचार गर्दैन, भने,
हातको स्पेशले मात्र के हुने हो र?
हृदय हृदय मिलेर भावना नै बुझ्न सक्तैन भने,
त्यसैले सबैलाई माया गरुँ,
सबैलाई प्रेम गरुँ ।
सबैलाई हृदय खोलेर प्रेम गरुँ
बुद्ध वचनलाई शिरोधार्य गरेर सारालाई प्रेम गर्न सिकूँ ।

Prakash

Hello

Dont go away

Dharma Chakshu, Buddhist Bi-Monthly

का.जि.वर्ता.नं.:- २१/०५२/०५३ हुलाक वर्ता नं.:- ३३/०५३/५४